**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित**

(शेयरमा सिमित दायित्व भएको)

Emerging Nepal

# इमर्जिङ्ग नेपाल लिमिटेड

**रजिष्टर्ड कार्यालय : दोस्रो तल्ला, कृष्ण टावर, नयाँ बानेश्वर-१०, काठमाडौं ।**
**कर्पोरेट कार्यालय : दोस्रो तल्ला, कृष्ण टावर, नयाँ बानेश्वर-१०, काठमाडौं ।**
**फोन नं. : ०१-४७८६०९९**
URL: https://www.emergingnep.com
Email: emergingnplltd@gmail.com

## विवरण-पत्र

**(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३०, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ र कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)**

**दरखास्त साथ प्रति शेयर रु १००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

कम्पनीको जारी पूँजी रु. ५५,५६,००,०००/- (अक्षरेपी पचपन्न करोड छपन्न लाख) रकम बराबरको प्रति साधारण शेयर रु १००/- अंकित दरको ५५,५६,००० (पचपन्न लाख छपन्न हजार) कित्ता शेयरको १० प्रतिशतको दरले हुन आउने रु. ५,५५,६०,०००/- (अक्षेरुपी : पाँच करोड पचपन्न लाख साठी हजार मात्र) रकम बराबरको रु १००/- अंकित दरका ५,५५,६०० कित्ता मध्ये २ प्रतिशत अर्थात ११,११२ कित्ता साधारण शेयर कर्मचारीहरुलाई र ५ प्रतिशत अर्थात २७,७८० कित्ता साधारण शेयरहरु सामूहिक लगानी कोषका लागि सुरक्षित गरी बाँकी ५,१६,७०८ कित्ता साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गरिएको ।

**नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक (आ.व.) | | | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०६.१६ | १०३.१० | १०५.११ | १०६.३७ | १०६.३७ | १०७.५३ |
| प्रति शेयर आम्दानी (रु.) | २.८१ | २.१७ | २.३२ | ६.७७ | ७.०० | ८.१६ |
| नेटवोर्थमा प्रतिफल (%) | २.६५ | २.१० | २.२१ | ६.३६ | ६.५८ | ७.५९ |
| संचित नाफा/नोक्सान (रु.) | २७,७३८,७८६ | १३,९५०,१२६ | २,५५,६४,८३२ | ३,५३,७२,९१३ | ३,५३,९१,७६२ | ४,१८,५०,९६५ |

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा **(ग.) (८)** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको वारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण**

विरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७८/०२/१० गते [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating Double B Plus) प्रमाणपत्र प्राप्त गरेको छ । सो ग्रेडिङ्गको बैद्यता अवधी एक वर्ष रहने छ । [ICRANP-IR] BB+ ले "Moderate risk of default with regard to the timely servicing of financial obligations" भन्ने आधार जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड [ICRANP -IR]AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR]D ले कमजोर आधार जनाउँदछ । सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा २२ (द) मा उल्लेख गरिएको छ ।

**रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८/०२/१०** **क्रेडिट रेटिङ्ग ग्रेड बाहल रहने मिति : २०७९/०२/०९ सम्म**

नेपाल धितोपत्र बोर्डवाट विवरण-पत्र स्वीकृत भएको मिति :-२०७८/१०/०९
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति :-२०७८/१०/१२
धितोपत्र निष्कासन खुल्ला हुने मिति :-२०७८/१०/२६
धितोपत्र निष्कासन बन्द हुने मिति (छिटोमा) :-२०७८/११/०१ बैंकिङ्ग समय सम्म
धितोपत्र निष्कासन बन्द हुने मिति (अन्तिम) :-२०७८/११/ ११ बैंकिङ्ग समय सम्म

**निष्कासन तथा बिक्री प्रबन्धक**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

**ख. १. विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीहरुको परिभाषा :**

क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा (२३) बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा (३०) बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) **"संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी इमर्जिङ्ग नेपाल लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंलाई सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरुलाई सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले निष्काशनकर्ता कम्पनी इमर्जिङ्ग नेपाल लिमिटेड, दोस्रो तल्ला, कृष्ण टावर, नयाँ बानेश्वर, काठमाण्डौंका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

झ) **"लगानी कम्पनी"** भन्नाले पूर्वाधार लगायतका संगठित संस्था (उर्जा, यातयात, संचार) को संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने गरी स्थापना भएको कम्पनी सम्झनु पर्दछ ।

ट) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेत जनाउँदछ ।

ख.२. **विवरणपत्र तथा दरखास्त प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु देहाय बमोजिम रहेका छन् ।**

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं । |
| २ | श्री इमर्जिङ्ग नेपाल लिमिटेड, दोस्रो तल्ला, कृष्ण टावर, नयाँ बानेश्वर, काठमाडौं । |

साथै, निष्काशन तथा बिक्री प्रबन्धक श्री एन आई सी क्यापिटल लिमिटेडको वेभसाईट www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाईट www.emergingnep.com वा नेपाल धितोपत्र बोर्डको वेभसाईट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि तयार गरिएको स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त आवेदन फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

| सि. नं. | कम्पनीको नाम तथा ठेगाना |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सी-आस्वा (C-ASBA) सेवामा सहभागी सम्पुर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता कम्पनी श्री इमर्जिङ्ग नेपाल लिमिटेड तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्नेमा विश्वस्त भई हामीले यो विवरणपत्र स्विकृतीका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धि ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.(क) संचालकको जिम्मेवारी तथा जवाफ देहीता सम्बन्धी :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमतिको प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी समुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.(ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी :**

यस इमर्जिङ्ग नेपाल लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक कम्पनीको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफ देहीता यस कम्पनीमा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.(ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालयको शेयर निष्काशन सम्बन्धी तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै, शेयर निष्काशन गर्ने प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेको व्यहोरा जानकारी गराउँदछौं ।

**ग.२.(घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(क) यस कम्पनीको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस कम्पनीको संचालक वा कार्यकारी प्रमुख, धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

**ग.३. संगठित संस्था सम्वन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि :**

**(अ) संस्थाको नाम :**

इमर्जिङ्ग नेपाल लिमिटेड (Emerging Nepal Ltd.)

**(आ) कुन ऐन अन्तर्गत स्थापना भएको सो कुरा :**

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(इ) संस्थाको रजिष्टर्ड कार्यालय :**

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं १०, दोस्रो तल्ला, कृष्ण टावर, नयाँबानेश्वर, काठमाण्डौमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई अन्य ठाउँमा पनि शाखा विस्तार गर्न सकिनेछ ।

**(ई) कारोवार गर्ने मुख्य स्थान :**

हाल यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान दोस्रो तल्ला, कृष्ण टावर, नयाँबानेश्वर, काठमाडौंमा रहेको छ । आवश्यकता अनुसार सम्बन्धित निकायबाट स्वीकृती लिई अन्य स्थानमा समेत खोल्न सकिने छ ।

**(उ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास :**

इमर्जिङ्ग नेपाल लिमिटेड सार्वजनिक निजी साझेदार कम्पनीको रुपमा प्रचलित कानून बमोजिम २०७२ साल श्रावण ३२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक कम्पनीको रुपमा दर्ता भै मिति २०७२/१२/२६ गते देखि कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आइरहेको छ ।

कम्पनी स्थापना गर्नुको मुख्य उद्धेश्य आधारभूत संरचनाको ढाँचा, उद्योगलाई प्रोत्साहान र व्यवस्थापन उन्मुख व्यापारलाई प्रोत्साहान गरी नेपाललाई उन्नति तर्फ अघि बढाउनु हो । इमर्जिङ्ग नेपाल लिमिटेडले नेपाल सरकार, अर्थ मन्त्रालयको प्रतिनिधित्वमा, प्रसिद्ध व्यवसायी संघ, बैंक तथा वित्तीय व्यवसायी, कर्मचारी र व्यवसायिक व्यक्तिलाई एक साथ ल्याई राष्ट्रिय प्राथमिकताको विभिन्न विषयहरुमा समाधानका उपायहरु प्रस्ताव गर्नेछ ।

यो कम्पनीको लक्ष्य नै राष्ट्रिय प्राथमिकताको क्षेत्र जस अन्तर्गत पूर्वाधारको रुपमा रहेको, यातयात, संचार, उर्जा लगायत उद्योग, पर्यटन, स्वास्थ्य, यातायात, कृषि, वित्तीय र अन्य आर्थिक रुपमा महत्वपुर्ण योजनाहरुमा लगानी गर्नु हो ।
यसले विकास निर्माण सम्बन्धि योजनाको कार्यान्वयनमा परामर्श सेवा दिनुको साथै उत्प्रेरकको भुमिका बहन गर्नेछ । नीजि क्षेत्रबाट व्यवस्थापन हुने भएकोले उच्च स्तरको पारदर्शिता र जवाफदेहिताको साथै उच्चगति र कार्यकुशलता सँगै संचालन र व्यवस्थापन गरिनेछ ।

**संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

कम्पनीको प्रबन्ध पत्रको दफा ४ मा उल्लेख गरिए बमोजिम तथा कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधीनमा रही देश विकाशको लागि पूर्वाधारको निर्माण तथा विकास (इन्फ्रास्ट्रक्चर डेप्लपमेण्ट) गर्ने यस कम्पनीको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छन् ।

(क) देश आर्थिक विकाशको मुख्य आधार पूर्वाधारको निर्माण तथा विकास (इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट) भएको हुँदा पुर्वाधारको रुपमा रहेको फाष्ट ट्रयाक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जल विद्युत निर्माण, वितरण, पूर्वधार सम्बन्धि वित्तीय संस्था, खानी, लगायतका, व्यवसायका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी संस्थाहरुसंग मिली अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार गर्ने, लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने, विभिन्न लगानीका क्षेत्रहरु पहिचान गर्ने, सो सम्बन्धी परामर्शदाताको रुपमा कार्य गर्ने । पूर्वाधार विकासको आवश्यकता अनुसार स्वदेशी/विदेशी परामर्शदाताहरुसंग परामर्श लिने, पूर्वाधार सम्बन्धी गोष्ठी/कार्यशाला/तालिम आयोजना गर्ने/गराउने । राष्ट्रको पूर्वाधार आवश्यकताको पहिचान गरी, सो सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने/गराउने ।

(ख) प्रचलित कानूनको अधीनमा रही स्वीकृत लिनु पर्नेमा लिई पूर्वाधार विकासको रुपमा रहेको फाष्ट ट्रयाक, सुरुङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि विकास, जलविद्युत निर्माण, वितरण गर्ने, लगायतका कम्पनीले, उपयुक्त देखेका लगानीका क्षेत्रहरुमा स्वदेशी वा विदेशी संघ संस्था, बैंक, नेपाल सरकार तथा व्यक्ति विशेषसंग मिली यो कम्पनीका संस्थापक भई एकल वा संयुक्त रुपमा औद्योगिक व्यवसाय, पर्यटन, केवुलकार, विद्युत उत्पादन प्रशारण, पूर्वाधार विकास बैंक, प्रविधि विकास लगायतका विषयहरुसंग सम्बन्धित कम्पनीहरुमा लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने/गराउने, सो सम्बन्धी परामर्श दाताको रुपमा कार्य गर्ने ।

(ग) विभिन्न पब्लिक लिमिटेड कम्पनीहरु, पूर्वाधार विकाश संग सम्बन्धित कम्पनीहरुमा लगानी गर्ने, गराउने, आवश्यक श्रोतको व्यवस्था गर्ने ।

(घ) प्रचलित कानून बमोजिम संस्थापना भएका कम्पनीहरुको आर्थिक, व्यवस्थापकीय, कानूनी, प्रशासनिक प्राविधिक तथा अन्य क्षेत्रसंग सम्बन्धित परामर्श सेवा लगायतको सेवाहरु प्रदान गर्ने, गराउने ।

(ङ) प्रचलित कानूनको अधिनमा रही विभिन्न प्रकारका बोण्ड तथा डिबेन्चर जारी गर्ने ।

(च) राष्ट्रलाई फाइनान्सीयल, एजुकेशनल, मेडिकल, टुरीजम हब को रुपमा विकास गर्ने, संभाव्यता अध्ययन लगायतमा सम्पूर्ण काम गर्ने/गराउने र सो सम्बन्धी संस्थाहरुमा लगानी गर्ने/स्थापना गर्ने, उच्च प्रविधिको व्यवस्था गर्ने ।

**नोट : यस कम्पनीले लगानी गर्दा लगानी आर्थिक पूर्वाधार (उर्जा, यातायात र संचार) संग सम्बन्धित संगठित संस्थाको संस्थापक शेयरमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।**

**ऊ) कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :**

सो नभएको ।

**ए) अन्य विवरणहरु (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

पूर्वाधारको निर्माण तथा विकास (इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट) निर्माण सम्बन्धी कार्य गर्ने ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

आवश्यक श्रोत साधनको व्यवस्था गरी विभिन्न पब्लिक लिमिटेड कम्पनीहरु, पूर्वाधार विकास सम्बन्धित कार्य गर्ने कम्पनीहरुमा लगानी गरिने ।

**(३) कुनै व्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, ईजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :**

सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

यस संस्थाले ओगटेको बजार क्षेत्र नेपाल भर रहेको छ । पूर्वाधार विकासको रुपमा रहेको फाष्ट ट्याक, सुरुङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि विकास, जलविद्युत निर्माण, वितरण गर्ने, लगायतका कम्पनीले, उपयुक्त देखेका लगानीका क्षेत्रहरुमा स्वदेशी वा विदेशी संघ संस्था, बैंक, नेपाल सरकार तथा व्यक्ति विशेषसंग मिली यो कम्पनीका संस्थापक भई एकल वा संयुक्त रुपमा औद्योगिक व्यवसाय, पर्यटन, केवुलकार, विद्युत उत्पादन प्रशारण, पूर्वाधार विकास बैंक, प्रविधि विकास लगायतका विषयहरुसंग सम्बन्धित कम्पनीहरुमा लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने/गराउने, सो सम्बन्धि परामर्श दाताको रुपमा कार्य गर्ने ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना** :

देश आर्थिक विकासको मुख्य आधार पूर्वाधारको निर्माण तथा विकास (इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट) भएको हुँदा पुर्वाधारको विकास गरि देशलाई संमृद्धि गराई विश्व माझ एक विकाशित देशको पहिचान गराउने । जस अन्तर्गत पूर्वाधारको रुपमा रहेका उर्जा, यातयात तथा संचारको क्षेत्रमा नयाँ प्रविधिको प्रयोग गरी देशको विकाश विस्तार गर्ने योजना रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

यस कम्पनीले फाष्ट ट्याक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जल विद्युत निर्माण, वितरण, पूर्वाधार सम्बन्धी वित्तीय संस्था, खानी, लगायतका व्यवसायका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी संस्थाहरुसंग मिली अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार गर्ने, लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने, विभिन्न लगानीका क्षेत्रहरु पहिचान गर्ने, सो सम्बन्धी परामर्शदाताको रुपमा कार्य गर्ने जस्ता कार्यहरु गर्ने हुँदा यसको प्रमुख बजार स्वदेशमा नै रहेका छ । हाल नेपाल एक अल्पविकसित देश भएको हुँदा पूर्वाधार विकास बिना देशको विकास असम्भव भएकोले पूर्वधारको विकास अत्यावश्यक भईसकेको छ ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

सो नभएको ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

सो नभएको ।

**(१०) अनुसन्धान तथा विकास :**

पूर्वाधार विकासको आवश्यकता अनुसार स्वदेशी/विदेशी परामर्शदाताहरुसंग परामर्श लिने, पूर्वाधार सम्बन्धि गोष्ठी/कार्यशाला/तालिम आयोजना गर्ने/गराउने । राष्ट्रको पूर्वाधार आवश्यकताको पहिचान गरी, सो सम्बन्धि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने/गराउने ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :**

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना महामारीले गर्दा प्रत्यक्ष रुपमा यस कम्पनीको दैनिक कार्य तथा कम्पनीले गर्ने लगानीमा असर परेको थियो । उक्त महामारीको समयमा यस कम्पनीले आफ्नो कार्य योजना अनुरुपको लगानी गर्न असमर्थ भएको थियो ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

नेपालमा यस्ता किसिमका कम्पनीहरु कम रहेको देखिन्छ। यस कम्पनीले पूर्वाधारहरु फाष्ट ट्र्याक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जलविद्युत निर्माण, वितरण, पूर्वाधार सम्बन्धी वित्तीय संस्था, खानी, लगायतका व्यवसायका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी संस्थाहरुसंग मिली अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार गर्ने तथा त्यस प्रकारका कम्पनीहरुमा लगानी गर्ने उद्देश्यका साथ स्थापित कम्पनी भएको हुँदा नेपाली लगानीकर्ताको लागि यो लाभदायक र उपयुक्त क्षेत्र रहेको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण :**

सो नभएको ।

**ग.३.ख. सम्पत्ति सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : दैनिक कारोवार संचालनको लागि आवश्यक पर्ने सम्पूर्ण भौतिक सम्पत्ति कम्पनीको कर्पोरेट कार्यालयमा चालु अवस्थामा रहेका छन् । ( **आषाढ मसान्त, २०७८ सम्म**)

| **क.स.** | **विवरण** | **रकम (रु.)** | **अवस्थित स्थान** | **पछिल्लो अवस्था** |
|---|---|---|---|---|
| १. | फर्निचर | १,५१,१६६.९९ | कम्पनीको कार्यालय | चालु अवस्थामा रहेको |
| २. | कम्प्युटर | ४३,८४१.०७ | कम्पनीको कार्यालय | |
| ३. | मोटर साइकल | ६५,२८९.१० | कम्पनीको कार्यालय | |
| ४. | बयोमेट्रिक मेशिन | ८,६१३.२४ | कम्पनीको कार्यालय | |
| ५. | प्रोजेक्टर | २३,९२५.२७ | कम्पनीको कार्यालय | |
| ६. | अन्य सम्पत्ति | ३,९०४.५५ | कम्पनीको कार्यालय | |
| ७. | सफ्टवेर | ११,१०८.३५ | कम्पनीको कार्यालय | |
| ८ | अफिस एकुइप्मेन्त | १४,००९.२६ | कम्पनीको कार्यालय | |
| ९ | प्रिन्टर | २३,३१५.७० | कम्पनीको कार्यालय | |
| १० | टेलिफोन | ५,२३०.२० | कम्पनीको कार्यालय | |
| | **जम्मा** | **३,५०,४०३.७२** | | |

कम्पनीको आषाढ मसान्त, २०७८ सम्मको नेट र ब्लक खुल्लने गरि स्थिर सम्पत्तिको रजिष्ट्रार निम्न अनुसार रहेको छ ।

| **Particulars** | **Rate** | ***WDV at the beginning*** | ***Addition during the year*** | | | ***Deduction during the year*** | ***Value at the end*** | **Depreciaton for the Year** | **Net Block at the end of the year** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ***Upto Poush*** | ***Upto Chaitra*** | ***Upto Ashad*** | | | | |
| **Tangible Assets** | | | | | | | | | |
| **Pool "B"** | 25% | | | | | | | | |
| Computer | | 58,454.77 | - | - | - | - | 58,454.77 | 14,613.70 | 43,841.07 |
| Furniture | | 201,555.99 | | - | - | | 201,555.99 | 50,389.00 | 151,166.99 |
| Office Equipment | | 18,679.01 | - | - | - | - | 18,679.01 | 4,669.75 | 14,009.26 |
| Printer | | 31,087.60 | - | - | - | - | 31,087.60 | 7,771.90 | 23,315.70 |
| Telephone | | 6,973.60 | - | - | - | - | 6,973.60 | 1,743.40 | 5,230.20 |
| **Pool "C"** | 20% | | | | | | | | |
| Motorcycle | | 81,611.37 | - | - | - | - | 81,611.37 | 16,322.27 | 65,289.10 |
| Office Vehicle | | - | - | - | - | - | - | - | - |
| **Pool "D"** | 15% | | - | - | - | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Other Assets | | 4,593.60 | - | - | - | - | 4,593.60 | 689.04 | 3,904.55 |
| Projector | | 28,147.38 | - | - | - | - | 28,147.38 | 4,222.11 | 23,925.27 |
| Bio-metric | | 10,133.22 | - | - | - | | 10,133.22 | 1,519.98 | 8,613.24 |
| **Pool "E"** | | | - | - | - | | | | |
| Software | 1/5 | 13,885.43 | - | - | - | - | 13,885.43 | 2,777.09 | 11,108.35 |
| **Sub Total** | | **455,121.97** | | | | | **455,121.97** | **104,718.24** | **350,403.72** |
| **(Previous Year)** | | **3,688,244.46** | **-** | **-** | **-** | **3,274,898.17** | **413,346.29** | **89,941.74** | **323,404.55** |

हाल सम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण यस प्रकार छ ।

| **सम्पत्ति** | **रकम (रु) आषाढ मसान्त, २०७८** |
|---|---|
| खुद स्थिर सम्पति | ३,०९,१७,५५५.११ |
| लगानी | ४१,७३,५९,५२१.४२ |
| नगद तथा बैंक मौज्दात | ८,००,७८,३०४.३३ |
| अग्रिम भुक्तानी रकम र पेस्की | - |
| व्यापारिक प्राप्त हुन बाँकी रकम | ,- |
| सामाग्रिको मौज्दात | - |
| **जम्मा सम्पत्ति** | **५२,८३,५५,३८०.८६** |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) :**
आफ्नै सम्पत्ति हो ।

**ग) यदि सम्पत्ति संगठित संस्थाको स्वमित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :

सो नभएको ।

**घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**

कम्पनीको सम्पत्तिहरुको मूल्य परल मोलमा नै राखिएको र पुनर्मूल्यांकन गरिएको छैन ।

**ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण** :
लागु नहुने ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति :**

(१) कोभिड-१९ ले थालिएको आहिले बिस्तारै उकासिदै आएको, लगानी गर्ने अवसर भएका, विदेशी तथा स्वदेशी पर्यटक भ्रमण गर्ने टुरिजम क्षेत्रको पूर्वाधारमा लगानी गर्न उपर्युक्त देखिएको हुँदा आ.व. २०७८/७९ भित्र लगानी गर्न सुरु गर्ने रणनीति रहेको छ ।

(२) सामाजिक उत्तरदायीत्वको पालना, देशमा सुबिधा सम्पन्न अस्पतालको आवश्यकता तथा उर्जा क्षेत्रमा भएको प्रचूर सम्भावनलाई मध्ये नजर राख्दै उक्त क्षेत्रको विकास विस्तार गर्नको लागि सो संग आवश्यक पूर्वाधार निर्माणको लागि यही आर्थिक वर्ष भित्र देखि लगानी विस्तार गर्ने रणनीति रहेको छ ।

(३) पुर्वाधारको रुपमा रहेको फाष्ट ट्रयाक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जलविद्युत निर्माण, वितरण, पूर्वधार सम्बन्धी वित्तीय संस्था, खानी, लगायतका, व्यवसायका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी संस्थाहरुसंग मिली अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार गर्ने, लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने, विभिन्न लगानीका क्षेत्रहरु पहिचान गर्ने, सो सम्बन्धी परामर्शदाताको रुपमा कार्य गर्ने लगायतका विकास निर्माण सम्बन्धी काम गर्ने एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्ने ।

(४) पूर्वाधार विकासको आवश्यकता अनुसार स्वदेशी तथा विदेशी परामर्शदाताहरुसंग परामर्श लिई पूर्वाधार सम्बन्धी गोष्ठी/कार्यशाला/तालिम आयोजना गराउने । साथै राष्ट्रको पूर्वाधार आवश्यकताको पहिचान गरि सो सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन तयार गरि कार्यन्वयन गर्ने ।

(५) स्वदेशी तथा विदेशी संघ संस्था, बैंक, नेपाल सरकार तथा व्यक्ति विशेषसंग मिली यस कम्पनीका संस्थापक भई एकल वा संयुक्त रुपमा औद्योगिक व्यवसाय, पर्यटन, केवुलकार, विद्युत उत्पादन प्रशारण, पूर्वाधार विकास बैंक, प्रविधि विकास लगायतका

विषयहरुसंग सम्बन्धित कम्पनीहरुमा लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने/गराउने, सो सम्बन्धी परामर्श दाताको रुपमा कार्य गर्ने ।

(६) देशलाई फाइनान्सीयल, एजुकेशनल, मेडिकल, टुरीजम हब को रुपमा विकास गर्ने, संभाव्यता अध्ययन सम्बन्धी सम्पूर्ण काम गर्ने/गराउने । सो सम्बन्धि संस्थाहरुमा लगानी गर्ने/स्थापना गर्ने, उच्च प्रविधिको व्यवस्था गर्ने ।

(७) कम्पनीले आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायिक रुपमा संभाव्य देखिएको अन्य व्यवसायिक क्षेत्रहरुमा समेत लगानी गर्ने रणनीति लिएको छ ।

(८) राष्ट्रिय प्राथमिकताको क्षेत्र जस अन्तर्गत शिक्षा, उद्योग, पर्यटन, स्वास्थ्य, यातायात, कृषि, वित्तीय र अन्य आर्थिकरुपमा महत्वपुर्ण योजनाहरुमा लगानी गरी विकास निर्माण सम्बन्धी योजनाको कार्यान्वयनमा परामर्श सेवा दिनुको साथै उत्प्रेरकको भुमिका बहन गराई नीजि क्षेत्रबाट व्यवस्थापन हुने भएकोले उच्च स्तरको पारदर्शिता र जवाफदेहिता को साथ उच्चगति र कार्यकुशलता सँगै संचालन र व्यवस्थापन गर्ने ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपालमा पूर्वाधार विकासको प्रचूर सम्भावना रहेको देखिन्छ । यस कम्पनीले पुर्वाधारको रुपमा रहेको फाष्ट ट्रयाक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जल विद्युत निर्माण, वितरण, पूर्वाधार सम्बन्धी वित्तीय संस्था, खानी, लगायतका, व्यवसायका क्षेत्रहरुमा स्वदेशी तथा विदेशी संस्थाहरुसंग मिली अध्ययन अनुसन्धान गर्ने, प्रतिवेदन तयार गर्ने, लगानी गर्ने, स्थापना गर्ने, संचालन गर्ने, विभिन्न लगानीका क्षेत्रहरु पहिचान गर्ने, सो सम्बन्धी परामर्शदाताको रुपमा कार्य गर्ने । पूर्वाधार विकासको आवश्यकता अनुसार स्वदेशी/विदेशी परामर्शदाताहरुसंग परामर्श लिने, पूर्वाधार सम्बन्धी गोष्ठी/कार्यशाला/तालिम आयोजना गर्ने/गराउने । राष्ट्रको पूर्वाधार आवश्यकताको पहिचान गरी, सो सम्बन्धि विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने/गराउने जस्ता कार्य गर्ने कम्पनी हाल नेपालमा न्यून रहेको हुँदा विद्यमान समयमा प्रतिस्पर्धा नरहेको देखिन्छ ।

हाल नेपालमा पूर्वाधारको विकास कम भएको तथा पूर्वाधार विकास गर्ने मुख्य उद्देश्यका साथ संचालनमा आएका कम्पनीहरु नरहेकोले यस कम्पनीको भावी व्यापारिक कारोबार तथा कम्पनीको भविष्य उज्जवल रहेको देखिन्छ ।

**ग.३.घ. संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धि व्यवस्थाः**

कम्पनीको नियमावलीको नियम २७ मा देहाय बमोजिमका ७ (सात) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

| क्र.सं. | विवरण | संचालक संख्या |
|---|---|---|
| १ | प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय (संस्थापक समूह) | १ जना |
| २ | आपसी समझदारीबाट मनोनित वा निर्वाचित संचालकहरु (संस्थापक समूह) | ४ जना |
| ३ | सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित वा मनोनित संचालक | १ जना |
| ४ | स्वतन्त्र व्यवसायिक विशेषज्ञ संचालन | १ जना |
| | **जम्मा** | **७ जना** |

**संचालक हुनका लागि लिनुपर्ने न्यूनतम शेयर संख्या :**

यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन । संचालकको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

**ग.४. पूँजी संरचना सम्वन्धि जानकारी :**

**(क) पूँजीको संरचना :-**

**१) अधिकृत पूँजी :**

कम्पनीको अधिकृत पूँजी रु. ५,००,००,००,०००/- (अक्षरेपी पाँच अर्व मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- अंकित दरका ५,००,००,००० (पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**२) जारी पूँजी :**

कम्पनीको जारी पूँजी रु. ५५,५६,००,०००/- (रु. पचपन्न करोड छपन्न लाख) हुने छ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ५५,५६,००० (पचपन्न लाख छपन्न हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**३) चुक्ता पूँजी :** हाल कम्पनीको चुक्ता पूँजी रु. ५०,००,४०,०००/- (रु. पचास करोड चालिस हजार मात्र) रहेको छ र जसलाई प्रति शेयर रु.१००/– का दरले जम्मा ५०,००,४०० थानमा (पचास लाख चार सय) कित्ता शेयरमा विभाजन गरिएको छ । यस निष्काशन मार्फत रु.५,५५,६०,०००/- (रु.पाँच करोड पचपन्न लाख साठी हजार) सर्बसाधारणहरुलाई बाँडफाँड पश्चात कम्पनीको चुक्ता पूँजी रु. ५५,५६,००,०००/- (रु. पचपन्न करोड छपन्न लाख) हुने छ ।

**संस्थाको स्थापना पश्चात् अधिकृत र जारी पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ ।**

| क्र. सं | विवरण | आर्थिक बर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १ | अधिकृत पूँजी रु. | ५,००,००,००,००० | ५,००,००,००,००० | ५,००,००,००,००० | ५,००,००,००,००० | ५,००,००,००,००० | ५,००,००,००,००० |
| २ | जारी पूँजी रु. | १,००,००,००,००० | १,००,००,००,००० | १,००,००,००,००० | ४५,००,००,००० | ५०,००,००,००० | ५५,५६,००,०००* |
| ३ | चुक्ता पूँजी (रु.) | १०,००,००,००० | १६,९३,७५,००० | ४५,००,००,००० | ४५,००,००,००० | ४५,००,००,००० | ५०,००,४०,००० |

*सर्वसाधारणलाई जारी गर्ने शेयर रकम सहित ।

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)**

| समूह | शेयरधनीहरु | शेयर संख्या | पूँजी संरचना | चुक्ता पूँजी रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क. | संस्थापक शेयरधनी | ५०,००,४०० | ९०% | ५०,००,४०,०००/- | शतप्रतिशत |
| ख. | सर्बसाधारण शेयरधनीहरु (कर्मचारी र म्युचुअल फण्डको समेत) | ५,५५,६०० | १०% | ५,५५,६०,०००/- | भुक्तानी हुन बाँकी |
| | **जम्मा** | **५,५५,६०,०००** | **१००%** | **५५,५६,००,०००/-** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

यस निष्काशन पूर्व निष्काशन गरिएको शेयर एवं यस विवरण पत्र मार्फत निष्काशन गरिने शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**ग.५. संस्थापक/संचालक सम्वन्धि जानकारी :**

**५.क. संस्थापक/संचालकहरुको पृष्ठभूमी :**

(१) आधारभुत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**आधारभुत शेयरधनीहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व कित्ता | शैक्षिक योग्यता | व्यवसायिक अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | सिहंदरवार, काठमाडौं | २५,००२ | लागु नहुने | लागु नहुने । |
| २ | मनोज बहादुर श्रेष्ठ | संस्थापक शेयरधनी | ६७ | नेपाली | भमिसखेल ३, ललितपुर | १,२५,०१० | स्नातक (सिभिल इन्जिनियरिङ्ग) | विगत लामो समय देखि बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापनको अनुभव हासिल गर्नु भएको । अध्यक्ष : न्यू इन्भ्यारोमेन्ट प्रा.लि. । |
| ३ | शम्भुनाथ गौतम | संस्थापक शेयरधनी | ६० | नेपाली | लेखनाथ ८, कास्की | २२,२२४ | स्नातकोत्तर | बैंक तथा वित्तीय क्षेत्रमा विगत लामो समयदेखिको कार्यअनुभव हासिल गर्नु भएको । पुर्व प्रमुख कार्यकारी अधिकृत सिद्धार्थ बैंक लिमिटेड । |
| ४ | रामबाबु पन्त | संस्थापक शेयरधनी | ७० | नेपाली | काठमाण्डौ ३३ | ११,११२ | एम कम | पुर्व डेपुटी गभर्नर, हाल अध्यक्ष आइसिएफसि फाइनान्स लिमिटेड । |
| ५ | लालमणी जोशी | अध्यक्ष | ६६ | नेपाली | कलंकी १४, काठमाण्डौ | २५,००२ | स्नातकोत्तर | पुर्व सचिव, नेपाल सरकारको विभिन्न मन्त्रालय तथा विभागहरुमा ३० वर्ष भन्दा बढीको अनुभव हासिल गर्नु भएको । संचालक, नेपाल इन्फ्रास्टक्चर बैंक लि. तथा पुर्व अध्यक्ष, स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड । |
| ६ | शिव सिहं कार्की | संस्थापक शेयरधनी | ५० | नेपाली | सित्तड ४,बैतडी | ११,११२ | स्नातक | बैंक तथा वित्तीय क्षेत्रमा विगत लामो समय देखि संचालक तथा अध्यक्ष पदमा रहि कार्य अनुभव हासिल गर्नु भएको । संलग्न रहनुभएको । |
| ७ | चन्द्र प्रसाद ढकाल | संचालक | ५६ | नेपाली | धापासी ९, काठमाण्डौ | ७,५०,०६० | वि.कम. | वरिष्ठ उद्यमी, विभिन्न बैंक तथा वित्तीय क्षेत्रमा लागनीकर्ता तथा वित्तीय व्यवस्थापन एवं रेमिटेन्स व्यवसायमा अग्रणी भुमिका खेल्नु भएको अध्यक्ष : नेपाल उद्योग वाणिज्य महासंघका, ग्लोबल आइ.एम.ई. बैंक लिमिटेड र चन्द्रागिरी हिल्स लिमिटेड । संचालक, नेपाल इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लि., सोसिअल सेकुरिटी फण्ड र हिमालयन पावर पार्टनर लिमिटेड । |
| ८ | विशाल ग्रुप लिमिटेड | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | थापाथली ११,काठमाण्डौ | ३,६२,५५० | लागु नहुने | ख्याती प्राप्त भारतीय जिवन बिमा कम्पनीको संयुक्त लगानीमा स्थापना भएको एल आई सी नेपाल लि.को संस्थापक लगानीकर्ता तथा नेपालको व्यापारिक क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको निजी क्षेत्रको लगानीमा स्थापित कम्पनी । |
| ९ | नुमनाथ पौडेल | संचालक | ४७ | नेपाली | रत्ननगर ७, चितवन | २५,००२ | चाटर्ड एकाउन्टेन्ट्स | चाटर्ड एकाउन्टेन्ट्स तथा नेपाल राष्ट्र बैंक, पुर्व कर्मचारी, ग्लोबल आइ.एम.ई बैंकका सञ्चालक, नेपाल इनफ्राष्ट्रक्चर बैंक संचालक, प्रमुख कार्यकारी अधिकृत फर्स्ट माईक्रोफाइनान्स लिमिटेड । |
| १० | अशोक कुमार अग्रवाल | संचालक | ६० | नेपाली | लाजिमपाट २, काठमाण्डौ | १,८८,९०४ | वि. कम. | विगत ३५ वर्ष देखि उद्योग व्यवसायमा आवद्ध, वरिष्ठ उद्योगपति, बैंकर तथा समाजसेवी, संचालक : एल आई सी नेपाल लि., कार्यकारी सदस्य नेपाल बैदेशिक ब्यापार संघ तथा अन्य विभिन्न व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहनु भएको । |
| ११ | हिम बहादुर रावल | संस्थापक शेयरधनी | ६२ | नेपाली | काठमाण्डौ ५ | ५,५५६ | वि.कम | उद्योगी व्यवसायी तथा समाजसेवी । |
| १२ | जिव नाथ लामिछाने | संस्थापक शेयरधनी | ५५ | नेपाली | पदमपुर ४, चितवन | २,५०,०२० | स्नातकोत्तर | गैर आवसीय क्षेत्रका लगानी कर्ता तथा पुर्व अध्यक्ष एन आर एन, नेपाल इनफ्रास्ट्रक्चर बैंक, अध्यक्ष: सानिमा लाईफ इन्स्योरेन्स लि., संचालक: सानिमा जनरल इन्स्योरेन्स, सानिमा हाईड्रोपावर प्रा. लि. । |
| १३ | शुभाष चन्द्र संघाई | संस्थापक शेयरधनी | ६८ | नेपाली | इन्द्रचोक २५, काठमाण्डौ | ६,२५,०५० | आइ. कम | वरिष्ठ उद्योगपति, नेपालको विभिन्न औद्योगिक क्षेत्रको लगानी तथा व्यवस्थापनको अनुभव, अध्यक्ष नेपाल चिया विकास निगम लि. । |
| १४ | ज्ञानेन्द्र प्रसाद ढुङ्गाना | संस्थापक शेयरधनी | ५३ | नेपाली | म्याङलुङ्ग २, तेह्रथुम | २५,००२ | स्नातकोत्तर | विगत लामो समय देखि बैंक तथा वित्तीय क्षेत्रमा आवद्ध, । पुर्व प्रमुख कार्यकारी अधिकृत नेपाल बंगलादेश बैंक लिमिटेड । |
| १५ | रोहित गुप्ता | संस्थापक शेयरधनी | ३६ | नेपाली | थापाथली ११, काठमाण्डौ | २,००,०१६ | स्नातक | घ्यू, तेल, सिमेन्ट उद्योगका वरिष्ठ उद्योगी व्यवसायी । |
| १६ | कृष्ण प्रसाद आचार्य | संस्थापक शेयरधनी | ७० | नेपाली | गोल्फुटार काठमाण्डौ | २७,७८० | स्नातकोत्तर | पुर्व संविधान सभा सदस्य तथा उद्योगी व्यवसायी, .,कार्यकारी अध्यक्ष पिपुल्स इनर्जी लिमिटेड । |
| १७ | आर.एम.सी. इन्भेस्टमेन्ट प्रा.लि. | संस्थापक शेयरधनी | लागु नहुन | लागु नहुने | काठमाडौ ३ | २७,७८० | लागु नहुने | उद्योग एवं जस्तापाता, फलाम, सिमेन्ट उद्योग जस्ता व्यवसायमा संलग्न रहनुभएको । |
| १८ | हरिभक्त शर्मा | संस्थापक शेयरधनी | ५८ | नेपाली | काठमाण्डौ ३ | २७,७८० | स्नातकोत्तर | उद्योग व्यवसायी, पूर्व नेपाल उद्योग परिसघंको अध्यक्ष । |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | पशुपती मुरारका | संस्थापक शेयरधनी | ५७ | नेपाली | लहान ७, सिरहा | २७,७८० | वि. कम. | वरिष्ठ उद्योगपति तथा पूर्व नेपाल उद्योग वाणिज्य महासघंको वरिष्ठ उपाध्यक्ष अर्घाखाँची सिमेन्ट र सुप्रिम सिमेन्ट । |
| २० | शेखर गोल्छा | संस्थापक शेयरधनी | ५५ | नेपाली | गणबहाल २२, काठमाण्डौ | ६२,५०५ | स्नातक | नेपालको ख्याति प्राप्त गोल्छा अर्गनाइजेशनका सदस्य तथा वरिष्ठ युवा उद्यमी एवं अध्यक्ष नेपाल उद्योग वाणिज्य महासघं लगायत विभिन्न संघ संस्थामा आवद्ध । संचालकः यूनियन लाईफ इन्स्योरेन्स लि. र हेस्टर नेपाल प्रा.लि. । |
| २१ | सौरभ ज्योति | संस्थापक शेयरधनी | ४८ | नेपाली | काठमाण्डौ | ११,११२ | स्नातक इन्जिनियरिङ्ग | प्रसिद्ध उद्योगी व्यवसायीक घराना, बैंक, वित्तीय संस्था, विभिन्न व्यवसायिक संघ संस्था संग आवद्ध, वरिष्ठ युवा उद्यमी तथा व्यवसायी |
| २२ | संदिप कुमार अग्रवाल | संस्थापक शेयरधनी | ५३ | नेपाली | बानेश्वर १०, काठमाण्डौ | १,११,१२० | एम.बि.ए. | उद्योगी व्यवसायी, घ्यू, तेल संघको अध्यक्ष । |
| २३ | सीताराम थपलिया | संस्थापक शेयरधनी | ५३ | नेपाली | खैरहनि ६,चितवन | ८,८९० | स्नातकोत्तर | विभिन्न सरकारी तथा गैरसरकारी संस्थामा लामो समय देखि आवद्ध । पूर्व अध्यक्ष, नेपाल स्टक एक्सचेन्ज लि. अध्यक्ष नेपाल म्यानेजमेण्ट काउन्सिल । |
| २४ | प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी प्रा.लि. | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | थापाथली ११, काठमाण्डौ | ६,२२,००३ | लागु नहुने | बिगत १३ बर्सदेखी विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरी इनभेष्टर्सको रुपमा कार्य गर्ने कम्पनी । |
| २५ | विमल कुमार केडिया | संस्थापक शेयरधनी | ५९ | नेपाली | गौर १, रौतहट | २७,७८० | वि. कम. | केडिया समूह संग आवद्ध, संविधान सभा सदस्य, विभिन्न उद्योग, व्यवसाय, विमा, बैंक तथा सामाजिक संस्थाहरुमा आवद्ध । |
| २६ | केशव प्रसाद भट्टराई | संस्थापक शेयरधनी | ६६ | नेपाली | चावहिल ७, काठमाडौं | १०,००१ | एमए | पूर्व सचिव, नेपाल सरकारको विभिन्न मन्त्रालय तथा विभागहरुमा ३० वर्ष भन्दा बढीको अनुभव अध्यक्षः सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि. । |
| २७ | शशिकान्त अग्रवाल | संस्थापक शेयरधनी | ६२ | नेपाली | काठमाण्डौ २३ | १,२५,०१० | स्नातक | चिनी, स्पिनिङ्ग मिल जस्ता उद्योगका अनुभवी वरिष्ठ उद्योगपति तथा होटेल व्यवसायी । |
| २८ | अम्बिका प्रसाद पौडेल | संस्थापक शेयरधनी | ५१ | नेपाली | धापासी ५, काठमाण्डौ | २७,७८० | स्नातकोत्तर | शेयर मार्केट तथा बैंक तथा वित्तीय क्षेत्र सम्बन्धि अनुभव, पूर्व प्रमुख कार्यकारी अधिकृतरुपमा हाथवे इन्भेष्टमेन्ट नेपाल लि.। |
| २९ | निकुञ्ज अग्रवाल | संस्थापक शेयरधनी | ३९ | नेपाली | विराटनगर ९, मोरङ्ग | १,६६,६८० | स्नातकोत्तर | बिगत १३ बर्सदेखी विभन्न व्यवसायमा संलग्न रहनुभएको । हाल संचालक एन आई सी एशिया बैंक लि. । |
| ३० | युनाइटेड डिष्टिबुइटर नेपाल प्रा.लि. | संस्थापक शेयरधनी | लागु नहुने | नेपाली | थापाथली ११, काठमाण्डौ | २,६२,५०० | लागु नहुने | विगत १७ वर्ष देखि विश्वका प्रसिद्ध तथा प्रिय ब्राडका सामानहरु नेपालका ग्राहकहरु सम्म पुऱ्याउन सक्ने एक प्रसिद्ध FMCG कम्पनी । हाल विश्वका अन्य १० प्रख्यात FMCG कम्पनीहरुसंग कार्य गर्दै आइरहेको । |
| ३१ | विशाल अग्रवाल | संस्थापक शेयरधनी | ४५ | नेपाली | काठमाण्डौ २२ खिचापखरी | १,६७,२३५ | स्नातकोत्तर | विगत १७ वर्षदेखि विभिन्न व्यवसायमा संलग्न रहनु भएको । हाल, अध्यक्ष प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. । |
| ३२ | अनुज अग्रवाल | संस्थापक शेयरधनी | ४८ | नेपाली | काठमाण्डौ २२, खिचापोखरी | ९१,६७४ | स्नातकोत्तर | विगत २२ वर्षदेखि विभिन्न व्यवसायमा संलग्न रहनु भएको । उप-सभापति नेपाल उद्योग परिसंघको, अध्यक्ष नेपाल इन्फ्रास्टक्चर बैंक लि. । |
| ३३ | जगदिश प्रसाद अग्रवाल | संस्थापक शेयरधनी | ७९ | नेपाली | विराटनगर ९,मोरङ्ग | ६९,४५० | | एन आई सी एशिया बैंक लिमिटेडको पूर्व अध्यक्ष तथा विगत लामो समय देखि विभिन्न व्यवसायमा संलग्न रहनु भएको । |
| ३४ | बोध प्रसाद त्रिपाठी | संस्थापक शेयरधनी | ४९ | नेपाली | दारेचोक ३, चितवन | १६,६६८ | स्नातक | व्यवसाय सम्बन्धि अनुभव । |
| ३५ | चन्द्र टण्डन | संस्थापक शेयरधनी | ४३ | नेपाली | चिदिका १, अर्घाखाँची | २७,७८० | स्नातकोत्तर | प्रबन्ध निर्देशक, सिटि एक्सप्रेस संचालक सिटिजन बैंक इन्टरनेशनल लिमिटेड तथा पूर्वसञ्चालक नेपाल बिद्युत प्रबिधिकरण । |
| ३६ | डा. विनोद आत्रेय | संस्थापक शेयरधनी | ६३ | नेपाली | चिदिका २, अर्घाखाँची | २७,७८० | पि.एच.डी, एम.पि.ए/एम.वि.ए | नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक पदबाट निवृत, संचालक प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि., केयर रेटिङ्ग नेपाल लि. हाल, प्रबन्ध निर्देशकः विफिन । |
| ३७ | नन्द किशोर मुन्दडा | संस्थापक शेयरधनी | ६६ | नेपाली | विराटनगर ४, मोरङ्ग | ५५,५६० | बी.कम. | व्यवसाय सम्बन्धि अनुभव । |
| ३८ | निर्मल कुमार अग्रवाल | संस्थापक शेयरधनी | ६२ | नेपाली | सुनसरी ५ | २०,००१ | वि. कम. | व्यवसाय सम्बन्धि अनुभव<br>पूर्व सञ्चालक एन आई सी एशिया बैंक लि. । |
| ३९ | रिजेन्सी ट्रेडिङ्ग प्रा. लि. | संस्थापक शेयरधनी | लागु नहुन | लागु नहुने | नयाँबजार ९, पोखरा | १,००,००० | लागु नहुने | विभिन्न वस्तुहरुको आयात निर्यात कर्ता, खेल तथा मनोरञ्जनका सामाग्रीहरुको खुद्रा व्यापार गर्ने, विविध सामानहरुको खुद्रा विक्रि गर्ने, कस्मेटिक तथा अन्य श्रृंगार सामाग्रीहरुको कारोबार, जेम्स एण्ड ज्वेलरीको कारोबार गर्ने कम्पनी । |
| ४० | विसाल अग्रवाल | संस्थापक शेयरधनी | ४० | नेपाली | बुधवारे ९, झापा | ५६,६७१ | स्नातकोत्तर | व्यवसाय सम्बन्धि अनुभव,<br>संचालक, सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लि.। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४१ | दीनानाथ खण्डेलवाल | संस्थापक शेयरधनी | ५४ | नेपाली | विरगञ्ज १३, पर्सा | ५५,५६० | स्नातक | व्यवसाय सम्बन्धि अनुभव । |
| ४२ | लोकमान्य गोल्छा | संस्थापक शेयरधनी | ७३ | नेपाली | काठमाण्डौं २२ | ५५,५६० | आइ. कम | नेपालको ख्याति प्राप्त गोल्छा अर्गनाइजेशनका वरिष्ठ उद्यमी । |
| ४३ | श्री गणेश प्रोपर्टिज एण्ड इन्भेष्टमेन्ट प्रा.लि. | संस्थापक शेयरधनी | लागु नहुने | लागु नहुने | थापाथली ११, काठमाण्डौं | २५,००२ | लागु नहुने | आवास निमार्ण, रियल स्टेट सम्बन्धि कारोबारहरु गर्ने कम्पनी । |
| ४४ | श्री सतिश कुमार मोर | संस्थापक शेयरधनी | ६२ | नेपाली | पर्सा | ३३,३३६ | स्नातक | व्यवसाय सम्बन्धि अनुभव<br>पूव अध्यक्षः सि एन आई अध्यक्ष, लक्की ग्रुप । |

**सञ्चालकहरुको विवरण :**

| क्र.सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | प्रस्तावित व्यापार व्यवसायमा अनुभव | अनुभव (व्यवसायसंग सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लालमणी जोशी | अध्यक्ष | ६६ | नेपाली | सित्तड गा.वि.स, बैतडी | २५,००२ | MBA | स्थापना काल देखिनै इमर्जिङ्ग नेपाल लि. मा अध्यक्षको रुपमा कार्यरत | पुर्व सचिव, नेपाल सरकारको विभिन्न मन्त्रालय तथा विभागहरुमा ३० वर्ष भन्दा बढीको अनुभव, संचालक नेपाल इन्फ्रास्टक्चर बैंक लि. तथा पूर्व अध्यक्ष स्वदेशी लघुवित्त वित्त संस्था लि. |
| २ | श्री सोभाकान्त पौडेल (प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | संचालक | ४६ | नेपाली | - | २५,००२ | स्नातकोत्तर | - | महानिर्देशक-आन्तरिक राजस्व विभाग |
| ३ | श्री चन्द्र टण्डन | संचालक | ४३ | नेपाली | चिदिका १, अर्घाखाँची | २७,७८० | स्नातकोत्तर | स्थापना काल देखिनै इमर्जिङ्ग नेपाल लि. मा संस्थापक शेयरधनी रहनु भएको | प्रबन्ध निर्देशक, सिटि एक्सप्रेस संचालक सिटिजन बैंक इन्टरनेशनल लिमिटेड तथा पूर्वसञ्चालक नेपाल बिधुत प्रबिधिकरण । |
| ४ | श्री अशोक कुमार अग्रवाल | संचालक | ६० | नेपाली | लाम्जिपाट २ काठमाण्डौं | १,८८,९०४ | B. COM | स्थापना काल देखिनै इमर्जिङ्ग नेपाल लि. मा संचालकको रुपमा कार्यरत | विगत ३५ वर्ष देखि उद्योग व्यवसायमा आवद्ध, वरिष्ठ उद्योगपति, बैंकर तथा समाजसेवी, संचालक : एल आई सी नेपाल लि. पूर्व अध्यक्ष :नेपाल बैदेशिक व्यापार संघ, कार्यकारी सदस्य नेपाल चेम्बर अफ कमर्स तथा अन्य विभिन्न व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न रहनु भएको । |
| ५ | श्री बिनोद आत्रेय | संचालक | ६३ | नेपाली | चिदिका २, अर्घाखाँची | २७,७८० | पि.एच.डी, एम.पि.ए/एम.िव.ए | स्थापना काल देखिनै इमर्जिङ्ग नेपाल लि. मा संचालकको रुपमा कार्यरत | नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशक पदवाट निवृत, संचालक प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि., केयर रेटिङ्ग नेपाल लि. हाल, प्रबन्ध निर्देशकः विफिन । |
| ६ | लिमा आचार्य (अधिकारी) | संचालक | ४७ | नेपाली | नयाँ बानेश्वर, काठमाण्डौ | - | MBA | व्यापार /व्यवसाय | अध्यक्ष, पानस इनरजि प्रा.लि., अमिता बोडी एण्ड सोउल प्रा.लि.<br>संचालक, मल्टी इनरजि प्रा.लि., आर एम ग्रुप नेपाल । हाल मनमोहन टेक्निकल युनिभरसिटी मा कार्यरत रहनु भएको । |

**यस कम्पनीले कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्थाको पूर्णरुपमा पालना गरेको छ ।**

**(२) स्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना -प्राकृतिक व्यक्ति नखुले सम्म) :**

| क्र.स. | संस्थापकहरुको नाम तथा ठेगाना | सक्षिप्त विवरण | संचालकहरुको नाम तथा ठेगाना |
|---|---|---|---|
| १ | नेपाल सरकार, अर्थ मन्त्रालय | | |
| २ | प्रुडेन्सियल क्यापिटल म्यानेजमेन्ट कम्पनी प्रा.लि. | विभिन्न कम्पनीहरुको शेयरमा लगानी गरी इनभेष्टर्सको रुपमा कार्य गर्ने कम्पनी । | अशोक कुमार अग्रवाल, मधु अग्रवाल |
| ३ | युनाइटेड डिष्टिबीउटर नेपाल प्रा.लि. | विगत १७ वर्ष देखि विश्वका प्रसिद्ध तथा प्रिय ब्राण्का सामानहरु नेपालका ग्राहकहरु सम्म पुऱ्याउन सक्ने एक प्रसिद्ध FMCG कम्पनी । हाल विश्वका अन्य १० प्रख्यात FMCG कम्पनीहरुसंग कार्य गर्दै आइरहेको । | अनुज अग्रवाल, विवेक अग्रवाल |
| ४ | विशाल ग्रुप लिमिटेड | ख्याती प्राप्त भारतीय जिवन बिमा कम्पनीको संयुक्त लगानीमा स्थापना भएको एल आई सी नेपालको संस्थापक लगानीकर्ता तथा | अशोक कुमार अग्रवाल, अनुज अग्रवाल, विशाल अग्रवाल |

| | | | |
|---|---|---|---|
| | | नेपालको व्यापारिक क्षेत्रमा लगानी गरी मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउँदै आएको निजी क्षेत्रको लगानीमा स्थापित कम्पनी | |
| ५ | रिजेन्सी ट्रेडिङ्ग प्रा. लि. | विभिन्न वस्तुहरुको आयात निर्यात कर्ता, खेल तथा मनोरञ्जनका सामाग्रीहरुको खुद्रा व्यापार गर्ने, विविध सामानहरुको खुद्रा विक्रि गर्ने, कस्मेटिक तथा अन्य श्रृंगार सामाग्रीहरुको कारोबार, जेम्स एण्ड ज्वेलरीको कारोबार गर्न कम्पनी | मुकेश अग्रवाल, निशा मोदी |
| ६ | श्री गणेश प्रोपर्टिज एण्ड इनभेष्टमेन्ट प्रा.लि. | आवास निमार्ण, रियल स्टेट सम्बन्धि कारोबारहरु र्गने कम्पनी | संजय श्रीबस्ताव निकुञ्ज अग्रवाल, अर्पित अग्रवाल |

(३) **संगठित संस्थाको संचालक अन्य कुनै कम्पनी संस्था, कोष संगठनसंग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम ठेगाना :**

**कम्पनीका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको विवरण देहाय अनुसार छ :**

| क्र.स. | संचालको नाम, ठेगाना | आवद्ध रहेको कम्पनी, संस्था, कोष, संगठन वा फर्महरुको नाम, ठेगाना |
|---|---|---|
| १ | श्री लालमणी जोशी | • पूर्व अध्यक्ष : स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड<br>• संचालक : नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड |
| २ | श्री शोभाकान्त पौडेल | • प्रतिनिधि : नेपाल सरकार, आन्तरिक राजस्व विभाग |
| ३ | श्री अशोक कुमार अग्रवाल | • संचालक : एल आई सी नेपाल लि.<br>• पूर्व अध्यक्ष : नेपाल बैदेशिक ब्यापार संघ<br>• सदस्य : नेपाल चेम्बर अफ कमर्स |
| ४ | श्री चन्द्र टण्डन | • प्रबन्ध निर्देशक, सिटि एक्सप्रेस संचालक सिटिजन बैंक इन्टरनेशनल लिमिटेड<br>• पूर्वसञ्चालक नेपाल बिधुत प्रबिधिकरण । |
| ५ | श्री बिनोद आत्रेय | • सञ्चालक : सूर्य लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड,<br>• संचालक : केयर रेटिङ्ग नेपाल लिमिटेड,<br>• संचालक : प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड,<br>• प्रबन्ध निर्देसक : वि.अफ.आइ.यन |
| ६ | श्रीमती लिमा आचार्य (अधिकारी) | • अध्यक्ष, पानस इनरजि प्रा.लि.,<br>• अध्यक्ष, अमिता बोडी एण्ड सोउल प्रा.लि.<br>• संचालक, मल्टी इनरजि प्रा.लि.,<br>• स्वतन्त्र संचालक, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड<br>• संचालक आर एम ग्रुप नेपाल । हाल मनमोहन टेक्निकल युनिभरसिटी मा कार्यरत रहनु भएको । |

कम्पनी ऐन, २०६३ को दफा ८९ (१) (छ) तथा सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ को व्यवस्थाहरु पूर्ण रुपमा पालना गरीएको छ ।

**(४) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीले, कम्पनी ऐन २०६३ को अधीनमा रही अधिकृत पूँजी तथा जारी पूँजी वृद्धि गर्न र साधारण शेयर बिक्री गरी पूँजी उठाउन सक्नेछ । तर त्यसरी शेयर विक्री गर्दा कम्पनीको प्रबन्धपत्र दफा ६ को खण्ड (घ) वमोजिम जारी पूँजीको १० प्रतिशत शेयर सर्वसाधारणका निमित्त (५ प्रतिशत सम्म कर्मचारीलाई समेत छुट्याई) सुरक्षित गरिनेछ ।

(ख) कम्पनीले प्रचलित कानुनको अधिनमा रही आफ्नो शेयर व्यक्ति, फर्म वा संगठित संस्थालाई विक्री गर्न सक्नेछ ।

(ग) “धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३” को नियम (९) को उपनियम (४) मा भएको व्यबस्था अनुरुप धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी स्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

(घ) सर्वसाधारणले शेयर खरिद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम १० कित्ता शेयर वा अधिकतममा विवरणपत्रमा तोकिए बमोजिम शेयर खरिद गर्नका लागी निवेदन गर्न सकिनेछ । तर हकप्रद शेयर र बोनस शेयरको हकमा यो बन्देज लागू हुने छैन ।

(ङ) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित कम्पनी कानून र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**ग. ५.ख. संस्थापक/संचालकसंगको कारोबार :**

क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत् सम्बन्धी विवरण : सो नभएको ।

ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका : साधारण सभाको निर्णय वमोजिम ।

**ग.६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो । यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ ।

**ग.७. संगठित संस्थाको कर्मचारी सम्वन्धी जानकारी :**

**ग.७.(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्वन्धी विवरण :**

**(अ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

**उच्च व्यवस्थापकीय तहका कर्मचारीहरु सम्वन्धी विवरण :**

| क्र.सं. | नाम | शैक्षिक योग्यता | नियुक्ति मिति | अनुभव | पद | शेयर स्वामित्व (कित्ता) |
|---|---|---|---|---|---|---|
| १ | श्री शिखर भट्टराई | एम.आइ. वि. | २०७८/०७/०१ | 1. 14 years of experience and leadership roles in private, public and non-profit organizations in USA and Nepal. These include:<br>2. FDI Analytics LLC - Founder / Managing Director (5 years) - Boston, USA & Nepal<br>3. The Udaya Group Pvt. Ltd. - Founder / Managing Director (6 years) - Nepal<br>4. SFX Entertainment - New York, USA (1 year)<br>5. NetSuite Inc. - Boston, USA (1 year)<br>6. Addgene Inc. - Boston, USA (3 years)<br>7. Deloitte - Pennsylvania, USA (2 years) | प्रमुख कार्यकारी अधिकृत | शेयर खरिद नगरेको । |
| २ | प्रेम प्रसाद अर्याल | एम.वि.एस. | २०७७/०७/१४ | १२ वर्ष भन्दा बढीको लेखा सम्बन्धि अनुभव:<br>१. स्विस सिल्भर प्रा.लि. (२०७५.०३.२३-२०७७.०६.१४<br>२. सेराजेम हेल्थकेयर नेपाल प्रा. लि. (२०७३.०६.०१-२०७५.०३.१३)<br>३. उदय इन्टरनेसनल (२०७२.०४.०९-२०७३.०४.१७)<br>४. दिर्घायु गुरु हस्पिटल एंड रिसर्च सेन्टर प्रा. लि.(२०७१.०४.०४-२०७२.०३.३१)<br>५. साहारा ग्यास उद्योग प्रा. लि. (२०६७.०८.०४-२०७१.०३.२<br>६. शाइबाबा ग्यास उद्योग प्रा. लि. (२०६३.०२.१५-२०६७.०७.३०) | बरिष्ठ अधिकृत/ कम्पनी सचिव | शेयर खरिद नगरेको । |

नोटः उच्च व्यवस्थापकीय तहमा कार्यरत कर्मचारीहरुको नाममा अन्य सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी तथा लगानी नरहेको ।

**आ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडीको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो उल्लेख गर्नुपर्ने :** सो नभएको ।

**इ) कर्मचारी संख्या सम्बन्धी जानकारी :**

**हाल कायम कर्मचारीको संख्या : स्थायी, अस्थायी, करार, ज्यालादरी र अन्य :**

| कुल कर्मचारी संख्या | स्थायी | अस्थायी | करार | ज्यालादारी | प्रशिक्षार्थी |
|---|---|---|---|---|---|
| ३ | ३ | - | - | - | - |

यस कम्पनीको प्रकृति नै लगानी गर्ने रहेको हुदाँ अन्य व्यवसाय जस्तो दिनहु कारोबार पनि नहुने साथै परियोजना विश्लेषण तथा कार्यालयको दैनिक संचालनका लागि हाल यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या आवश्यक योग्यता तथा अनुभव प्रर्याप्त रहेको देखिन्छ। साथै कम्पनीको व्यवसायमा हुने विस्तार र आवश्कता अनुसार भविष्यमा थप कर्मचारीहरु नियुक्ती गर्दै जाने कम्पनीको नीति रहेको छ।

**ग.७.(ख) संचालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :**

कम्पनीका संचालकहरुलाई संचालक समितिको बैठकमा भाग लिए वापत साधारण सभा वाट पारित भए वमोजिम सुविधा प्रदान गरिनेछ।

**आ) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तानी गरिएको रकम :**

| सि.नं. | नाम | पद | वार्षिक तलव भत्ता (रु.) | आर्थिक वर्ष |
|---|---|---|---|---|
| १. | श्री शिखर भट्टराई | प्रमुख कार्यकारी अधिकृत | ६,७५,०००/- | कार्तिक १ देखि पौष ३०, २०७८ सम्मको मात्र समावेस गरिएको। |
| २. | प्रेम प्रसाद अर्याल | बरिष्ठ अधिकृत तथा कम्पनी सचिव | ३,१६,७९२/- | आ.व. २०७७/०७८ |

नोटः अन्य व्यवसाय जस्तो दिनहु कारोबार पनि नहुने साथै परियोजना बिश्लेषण तथा कार्यालयको दैनिक संचालनका लागि हाल यस कम्पनीमा कार्यरत कर्मचारीहरुको संख्या प्राप्त रहेको छ। साथै कम्पनीको व्यवसायमा हुने विस्तार र आवश्कता अनुसार भविष्यमा थप कर्मचारीहरु नियुक्ती गर्दै जाने कम्पनीको नीति रहेको छ।

**इ) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन।

**ग.८. अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा ब्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिर प्रमुख रुपमा देहायका जोखिमहरु रहेका छन्।

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

– पूर्वाधार विकास गर्नको लागि ठूलो मात्रामा रकमको आवश्यकता हुन सक्ने।
– नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने।
– कम्पनीको कार्यक्षेत्र अधिक भएको हुँदा उद्देश्य अनुरुपको कार्य अगाडि बढाउनको लागि वित्तीय साधनको अभाव हुन सक्ने
– यस कम्पनीमा नेपाल सरकारको समेत लगानी भएको हुँदा थप लगानी सम्बन्धी निर्णय गर्दा समय लाग्ने हुँदा साविकका शेयरधनीहरुबाट शेयर क्यापिटल संकलन गर्दा बढी समय लाग्न सक्ने।

हाल संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पुर्ण रकम प्राप्त भैसकेको र संस्थामा आवद्ध शेयरधनीहरु देशकै नाम चलेका प्रतिष्ठित व्यक्तित्वहरु हुनुको साथै नेपाल सरकारको समेत स्वमित्व रहेको हुँदा वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नहुने देखिन्छ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :

– कम्पनीले देश विकास गर्नको लागि ठुला आयोजना/परियोजनाहरु जस्तैः फाष्ट ट्रयाक, सुरङ्ग मार्ग, एयरपोर्ट, सडक, प्रविधि, जल विद्युत निर्माण, वितरण, पूर्वाधार सम्बन्धि वित्तीय संस्था, खानी, लगायतका व्यवसायहरु संचालन गर्ने हुँदा यसको लागि कच्चा पदार्थको अभाव हुने जोखिम रहेको।
– कम्पनीको उद्देश्य बमोजिमका कार्य गर्नको लागि अत्यादिक मात्रमा कच्चा पदार्थ आवश्यक हुने तथा हाल नेपालमा प्राप्त मात्रमा सो प्रकृतिको उद्योग कलकारखानाहरु संचालनमा नएको हुँदा आयत गर्नुपर्ने कच्चा पदार्थहरुको अभाव हुने देखिन्छ।
– अन्ये दशेबाट आयत गर्नुपर्ने कच्चा पदार्थमा समय समयमा करको दर परिर्वतन हुँदा दुई देश विचमा आयत निर्यात हुँने समेलको कारणले हुने जोखिम रहेको छ।

हाल आयोजनालाई निर्माण गर्न चाहिने प्रमुख कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको उत्पादन समेत नेपालमा सुरु हुन लागेकोले कच्चा पदार्थको अभावबाट हुने जोखिम कम रहेको देखिन्छ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

– देश विकाश गर्नको लागि ठुला ठुला पुर्वधार विकाश गर्नुपर्ने आवश्यक रहेको हुँदा यस कम्पनीले उत्पादन तथा विक्री वितरण गर्ने बस्तुहरुको प्रकृति अनुसार यस्तो जोखिम नरहेको देखिन्छ ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :

– कम्पनीले संचालन तथा निर्मण गर्ने आयोजनाहरु उक्त आयोजनाहरुको बृस्तित अध्यान अनुसन्धान पश्चात् मात्र लगानी सम्बन्धी निर्णय गर्ने हुँदा यस्तो जोखिम कम रहेको छ ।

(ङ) विदेशी विनिमयको जोखिम :

– विदेशी विनिमय दरमा परिवर्तन भएमा आयतित् सामानको लागतमा फरक पर्नसक्ने हुँदा जोखिम रहेको छ ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सो बाट पर्न सक्ने असरहरु :

– हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण ईजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :

– यस कम्पनीले निर्मण गर्दा आवश्यक पर्ने अधिकाशं कच्चा पदार्थ नेपालमानै उत्पादन हुन सुरु गरेको तथा तत्काल अर्न्तराष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी आउने सम्भावन नदेखिएको/नभएको देखिएकोले यस्तो जोखम कम रहेको ।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :

– नेपाल सरकारको आर्थिक तथा वित्तीय निति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
– कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा ।
– आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाव :

– कम्पनीको संचालन ईतिहास धेरै लामो नभए पनि यस कम्पनीमा संलग्न संस्थापक तथा उच्च तहका कर्मचारीहरुको यस कम्पनीले उत्पादन तथा बिक्री वितरण गर्ने बस्तु तथा सेवा सम्बन्धमा प्राप्त अनुभव रहेको हुँदा यस्तो जोखिम न्यूनीकरण हुन सक्ने ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :

– यस कम्पनीले विशेष गरी देशको विकास अर्थात पूर्वाधार विकास तथा अनुसन्धानमा आफ्नो पूँजी परिचालन गर्ने हुँदा विकास निर्माणमा प्रयोग हुने नयाँ नयाँ प्रविधिले गर्दा आयोजना सम्पादन गर्न लाग्ने समयको साथै आर्थिक लागत समेत कम हुने देखिन्छ । जसले गर्दा यस्तो जोखिम न्यून हुने ।

(ट) लगानीमा हुने जोखिम :

– यस कम्पनीले विभिन्न पूर्वाधार तथा परियोजनाहरुमा लगानी गर्दा लगानी गरिने परियोजनाको राम्रोसंग अध्ययन अनुसन्धान गरेर मात्र लगानी सम्बन्धी निर्णय लिइने गरिएको छ । लगानीमा हुने जोखिमलाई न्युनीकरण/व्यवस्थापन गर्नको लागि सम्बन्धित परियोजनाको इन्स्योरेन्स गरिने हुँदा लगानीमा हुने जोखिम कम रहेको देखिन्छ । यस कम्पनीले ठुला ठुला परियोजनामा लगानी गर्दा लगानी गर्नु पूर्वनै विस्तृत अध्ययन अनुसन्धान गरी लगानी सम्बन्धी निर्णय लिने हुँदा कर्मचारीहरुको संख्या कम हुँदा पनि जोखिम व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा गर्न सकिने देखिन्छ । साथै भविष्यमा कम्पनीको कारोवारको आकार बृद्धि भएसंगै दक्ष कर्मचारीहरु थप गर्दै जाने नीति रहेको छ ।

(ठ) अन्य :

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- दैवि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भई बजार प्रभावित हुन सक्ने जोखिम रहेको ।
- बन्द हड्तालका कारण हुन सक्ने जोखिम ।
- दैबि प्रकोप, प्राकृतिक जोखिम तथा काबु बाहिरको परिस्थीति उत्पन्न भई व्यवसायमा कुनै क्षति भएमा बस्तु तथा सेवाको लागत बढ्न सक्ने जोखिम रहेको ।

**संम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि सक्षम व्यवस्थाकीय कर्मचारीहरुको व्यवस्था गरिनेछ । नयाँ बिकास निर्माण सम्बन्धी कार्य गर्नुभन्दा अगाढि बृहत् संभाव्यता अध्ययन पश्चात् मात्र आयोजना निर्माण गर्न सुरु गरिनेछ । साथै, यस कम्पनीले निर्माण गर्दा प्रयोग हुने उपकरणहरुको बीमा गरिने हुँदा जोखिम न्यूनीकरण हुने व्यवस्थापनको धारणा रहेको छ ।

**धितोपत्रको मूल्य परिवर्तन सम्वन्धी जोखिम**

शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९. वित्तीय विवरण :**

**ग.९.(क) वित्तीय विवरण र तत् सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण**

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा/नोक्सान हिसाब, नाफा/नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण : यस कम्पनीको आ.व. **२०७७/२०७८** को लेखापरिक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँट हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार छ :

कम्पनीको आर्थिक वर्ष २०७७/०७८ को आषाढ मसान्त सम्मको लेखापरीक्षण भएको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात (आषाढ मसान्त, २०७८)**

| विवरण | रकम (रु.) |
|---|---|
| **पूंजी तथा दायित्व** | |
| शेयर पूँजी | ५०,००,४०,०८० |
| शेयर प्रिमियम | – |
| जगेडा कोष र संचित नाफा | २,५५,६४,८३१.८४ |
| सूरक्षित दायित्व (दिर्घकालिन बैंक कर्जा) | – |
| असूरक्षित दायित्व | – |
| सण्ड्रि केडिटर तथा भूक्तानी गर्नूपर्ने रकम | ३१,००,८७२.७५ |
| अल्पकालिन कर्जा | |
| अन्य चालु दायित्व | – |
| **जम्मा दायित्व** | **५२,८७,०५,७८४.५८** |
| **सम्पत्ति** | |
| सम्पत्ति /कलकारखाना /उपकरण | ३,५०,४०३.७२ |
| ह्रास कट्टी | – |
| **खुद सम्पती** | – |
| **लगानी** | ४१,७३,५९,५२१.४२ |
| **चालू सम्पत्ति (क)** | – |
| नगद तथा बैंक मौज्दात | ८,००,७८,३०४.३३ |
| अग्रिम भूक्तानी रकम र पेश्की | – |
| **चालु दाईत्व तथा व्यवस्थाहरु (ख)** | – |
| भुक्तानी गर्नुपर्ने कर तथा खर्चहरु | ३,०९,१७,५५५.११ |
| कर व्यवस्था | |
| **जम्मा सम्पति** | **५२,८७,०५,७८४.५८** |

**नाफा/नोक्सान हिसाव (आषाढ मसान्त, २०७८)**

| विवरण | रकम (रु) |
|---|---|
| **आम्दानी** | |
| संचालन आम्दानी | २९,९४,१८६.०६ |
| ब्याज आम्दानी | ९०,८१,०३७.९८ |
| अन्य आम्दानी | ४१,२९,२४९.३० |
| **जम्मा आम्दानी** | **१,६२,०४,४७३.३४** |
| **खर्चहरु** | |
| कर्मचारी लाभ तथा प्रशासकीय खर्चहरु | **१६,००,७४२.३४** |
| ब्याज खर्च | – |
| ह्राक खर्च | १,०४,७१८.२४ |
| **जम्मा खर्च** | **१७,०५,४६०.५८** |
| **कर्मचारी लाभांस अधिको मुनाफा** | १,४४,९९,०१२.७६ |
| अन्य खर्च | ६,८५० |
| **कर अधिको मुनाफा** | **१,४४,९२,१६२.७६** |
| कर व्यवस्था | २८,७७,४५७.१८ |
| **खूद नाफा** | **१,१६,१४,७०५.५९** |

**नगद प्रवाह विवरण (आषाढ मसान्त, २०७८)**

| विवरण | रकम (रु.) |
| --- | ---: |
| **संचालन गतिविधिको नगद प्रवाह** | |
| **जोडने** | |
| कर अघिको खूद नाफा | १,४४,९२,१६२.७६ |
| ह्रास कट्टी | १,०४,७१८.२४ |
| व्याज आम्दानी | -९०,८१,०३७.९८ |
| **कार्याशिल पूँजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **५५,१५,८४३.०२** |
| अल्पकालिन ऋण तथा अग्रिम भुक्तानीमा भएको वृद्धि/(कमी) | – |
| चालू सम्पतिमा भएको वृद्धि/(कमी) | ७००,६८०.०५ |
| चालू दायित्वमा भएको वृद्धि/(कमी) | ३९२,९४९.४३ |
| संचालन बाट नगद जम्मा | ६६,०९,४७२.५० |
| संचालन बाट नगद जम्मा | -२८,७७,४५७.१८ |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **३७,३२,०१५.३२** |
| **लगानी गतिधिबाट खूद नगद प्रवाह** | |
| स्थीर सम्पतिको खरिद | – |
| स्थीर सम्पति बिक्रीबाट आम्दानी | – |
| लगानीमा बृद्धि | १,३७,४४,९२५.६९ |
| व्याज आम्दानी प्राप्ती | ९०,८१,०३७.९८ |
| **लगानी गतिविधीबाट खूद नगद प्रवाह** | **२,२८,२५,९६३.६७** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह**<br>शेयर पूँजीमा कमि/बृद्धि | ५००,४०,०८० |
| अल्पकालिन ऋणमा कमि/बृद्धि | – |
| व्याज खर्च | – |
| **वित्तीय गतिविधिबाट खूद नगद प्रवाह** | |
| **नगदमा भएको कूल वृद्धि/कमी** | **७,६५,९८,०५८.९९** |
| **सुरु बर्षमा नगद तथा बैक मौज्दात** | **३४,८०,२४५.३२** |
| **वर्षन्तमा नगद तथा बैक मौज्दात** | **८०,०७८,३०४.३३** |

**(ख) संचालन अवधी तीन वर्ष व्यतित् भइसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतित भईनसकेको अवस्थामा संचालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, बासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा)**

**बासलात**

| विवरण | वास्तविक | | |
| --- | ---: | ---: | ---: |
| | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ |
| **पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | ४५,००,००,००० | ४५,००,००,००० | ५०,००,४०,०८० |
| शेयर प्रिमियम | – | – | – |
| जगेडा कोष र संचित नाफा | २,७७,३८,७८६.३२ | १,३९,५०,१२६.२५ | २,५५,६४,८३१.८४ |
| सूरक्षित दायित्व (दिर्घकालिन बैंक कर्जा) | – | – | – |
| असूरक्षित दायित्व | – | – | – |
| सण्ड्रि केडिटर तथा भूक्तानी गर्नूपर्ने रकम | – | – | |
| अल्पकालिन कर्जा | – | – | – |
| अन्य चालु दायित्व | ३५,२८,५३९.८८ | २७,०७,९२३.३२ | ३१,००,८७२.७५ |
| **जम्मा** | **४८,१२,६७,३२६.२०** | **४६,६६,५८,०४९.५७** | **५२,८७,०५,७८४.५८** |
| **सम्पत्ति** | | | |
| सम्पत्ति /कलकारखाना /उपकरण | ३,२३,४०४.५५ | ४,५५,१२१.९८ | ३,५०,४०३.७२ |

| | | | |
|---|---|---|---|
| लगानी | ४३,३५,१२,००० | ४३,११,०४,४४७.११ | ४१,७३,५९,५२१.४२ |
| **चालू सम्पत्ति** | | | – |
| नगद तथा बैंक मौज्दात | १,९४,३४,८९९.०१ | ३४,८०,२४५.३२ | ८,००,७८,३०४.३३ |
| अग्रिम भूक्तानी रकम र पेश्कि | १२,२९२.३२ | – | – |
| अन्य चालु सम्पती | २,७९,८४,७३०.३३ | ३,१६,१८,२३५.१६ | ३,०९,१७,५५५.११ |
| **जम्मा** | **४८,१२,६७,३२६.२०** | **४६,६६,५८,०४९.५७** | **५२,८७,०५,७८४.५८** |

**नाफा नोक्सान हिसाब**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | **आ.व. २०७५/०७६** | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** |
| संचालन आम्दानी | ३३,११,३८६.८४ | ३०,५५,४५० | २९,९४,१८६ |
| ब्याज आम्दानी | १,५४,९७,२७४.१५ | १,१५,४०,५६७.३५ | ९०,८१,०३७.९८ |
| अन्य आम्दानी | ७,५८,६६४.४० | १,६६,८१२.४० | ४१,२९,२४९.३० |
| **जम्मा आम्दानी** | **१,९५,६७,३२५** | **१,४७,६२,८३०** | **१,६२,०४,४७३** |
| कर्मचारी खर्च | २०,५३,४८६ | १०,०२,२२० | ४,३२,०२५ |
| अन्य प्रशासकीय खर्च | १३,१४,०२२ | ६,५१,२७२ | ११,६८,७१७.७६ |
| **संचालन मुनाफा** | **१,६१,९९,८१८** | **१,३१,०९,३३८** | **१,४६,०३,७३१** |
| ब्याज खर्च | १,०७,३९७ | - | - |
| **कर तथा ह्रास खर्च अघिको नाफा** | **१,६०,९२,४२१** | **१,३१,०९,३३८** | **१,४६,०३,७३१** |
| ह्रास रकम | ८९,९४२ | १,३७,०२४ | १,०४,७१८ |
| शेयर लगानीमा नोक्सानी व्यवस्था | - | ७,३२,४२३ | ६,८५० |
| **कर अघिको खूद नाफा** | **१,६०,०२,४७९** | **१,२२,३९,८९१** | **१,४४,९२,१६३** |
| कर व्यवस्था | ३३,३६,१५० | २४,८०,०१६ | २८,७७,४५७ |
| कर स्थगित | १२,२९२ | १२,२९२ | - |
| कर स्थगित फिर्ता | (१२,२९२) | - | - |
| **कर पछिको खूद नाफा** | **१,२६,६६,३२९** | **९७,४७,५८३** | **१,१६,१४,७०६** |

**नगद प्रवाह विवरण**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | **आ.व. २०७५/०७६** | **आ.व. २०७६/०७७** | **आ.व. २०७७/०७८** |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| **जोडने** | | | |
| कर अघिको खूद नाफा | १,६०,०२,४७८.९७ | १,२२,३९,८९०.७१ | १,४४,९२,१६२.७६ |
| व्याज खर्च | १,०७,३९७.२२ | | |
| व्याज आम्दानी | -१,५४,९७,२७४.१५ | -१,१५,४०,५६७.३५ | -९०,८१,०३७.९८ |
| ह्रास कट्टी | ८९,९४१.७४ | १,३७,०२३.८९ | १,०४,७१८.२४ |
| **कार्याशिल पुंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **७,०२,५४३.७८** | **८,३६,३४७.२५** | **५५,१५,८४३.०२** |
| अल्पकालिन ऋण तथा अग्रिम भुक्तानीमा भएको वृद्धि/(कमी) | – | – | – |
| चालू सम्पतिमा भएको वृद्धि/(कमी) | ६,१७,५७,०८२.२५ | -३६,२१,२१२.५१ | ७,००,६८०.०५ |
| चालू दायित्वमा भएको वृद्धि/(कमी) | -२१,०९,७६८.२२ | -८,२०,६१६.५६ | ३,९२,९४९.४३ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | **६,०३,४९,८५७.८१** | **-३६,०५,४८१.८२** | **६६,०९,४७२.५०** |
| कर व्यवस्था | -३३,३६,१४९.९१ | -२४,९२,३०८.२५ | **२८,७७,४५७.१८** |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **५,७०,१३,७०७.९०** | **६०,९७,७९०.०७** | **३७,३२,०१५.३२** |
| **लगानी गतिधिबाट खूद नगद प्रवाह** | | | |
| स्थीर सम्पतिको खरिद | – | -२,६८,७४१.३२ | – |
| स्थीर सम्पति बिक्रीबाट आम्दानी | ३२,७४,८९८.१७ | – | – |
| लगानीमा बृद्धि | -६,६९,३६,४८५ | २४,०७,५५२.८९ | १,३७,४४,९२५.६९ |
| व्याज आम्दानी | १,५४,९७,२७४.१५ | १,१५,४०,५६७.३५ | ९०,८१,०३७.९८ |
| **लगानी गतिधिबाट खूद नगद प्रवाह** | **-४,८१,६४,३१२.६८** | **१,३६,७९,३७८.९२** | **२,२८,२५,९६३.६७** |

| | | | |
|---|---|---|---|
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा कमि/बृद्धि | - | - | ५,००,४०,०८० |
| ब्याज खर्च | -१,०७,३९७.२२ | - | - |
| लाभांश | - | -२,३५,३६,२४२.५३ | - |
| **वित्तीय गतिविधिबाट खूद नगद प्रवाह** | **-१,०७,३९७.२२** | **-२,३५,३६,२४२.५३** | **५,००,४०,०८०** |
| **नगदमा भएको कूल वृद्धि/कमी** | **८७,४१,९९८** | **-१,५९,५४,६५३.६८** | **७,६५,९८,०५८.९९** |
| **सुरु बर्षमा नगद तथा बैक मौज्दात** | **१,०६,९२,९०१.०१** | **१,९४,३४,८९९.०१** | **३४,८०,२४५.३२** |
| **वर्षन्तमा नगद तथा बैक मौज्दात** | **१,९४,३४,८९९.०१** | **३४,८०,२४५.३२** | **८,००,७८,३०४.३३** |

**ग) आर्थिक वर्ष समाप्त भएको ३ महिना पश्चात विवरणपत्र स्वीकृतिको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत :**

**आर्थिक वर्ष २०७८/०७९ को पहिलो त्रैमास (आश्विन मसान्त, २०७८) को वित्तीय विवरण :**

**वासलात**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| **पूँजी तथा दायित्व** | **५२,८५,३२,१९१.७१** |
| शेयर पूँजी | ५०,००,४०,०८० |
| जगेडा कोष र संचित नाफा | २,८४,९२,१११.७१ |
| **चालु दायित्व** | **२६,६२,८१८.७०,** |
| अल्पकालिन कर्जा | - |
| अन्य चालु दायित्व | २६,६२,८१८.७० |
| **जम्मा पूँजी तथा दायित्व** | **५३,११,९५,०१०.४०** |
| **सम्पत्ति** | |
| **गैरवर्तमान सम्पत्ति** | **४९,१८,१३,२५०.१२** |
| सम्पत्ति /कलकारखाना /उपकरण | ३,३०,२३०.६९ |
| लगानी | ४९,१४,८३,०१९.४३ |
| **चालू सम्पत्ति** | **३,९३,८१,७६०.२९** |
| नगद तथा बैंक मौज्दात | ९३,२७,५३३.३७ |
| अग्रिम भूक्तानी रकम र पेश्की | ३,००,५४,२२६.९२ |
| **जम्मा सम्पति** | **५३,११,९५,०१०.४०** |

**नाफा/नोक्सान हिसाब**

| **विवरण** | **रकम (रु.)** |
|---|---|
| **आम्दानी** | |
| संचालन आम्दानी | - |
| ब्याज आम्दानी | - |
| **जम्मा आम्दानी** | - |
| **खर्चहरु** | |
| कर्मचारी खर्च | १,९५,९५०.८२ |
| अन्य प्रशासकीय खर्च | १,८०,२५०.४६ |
| ह्रास खर्च | २०,१७३.०४ |
| **जम्मा खर्च** | **३,९६,३७४.३२** |
| अन्य आम्दानी | ४२,९९,४१४.१५ |
| **कर्मचारी बोनस अधिको मुनाफा** | **३९,०३,०३९.८३** |
| अन्य खर्च | - |
| कर व्यवस्था | ९,७५,७५९.९६ |
| **कर अधिको मुनाफा** | **२९,२७,२७९.८७** |
| **खुद मुनाफा** | **२९,२७,२७९.८७** |

(घ) आम्दानी र खर्च हिसाबको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :
सो नभएको

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा : सो नभएको ।

(च) आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने : सो नभएको ।

(छ) विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए
(अ) सम्पत्तिको विवरण,
(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य,
(ई) पूनर्मूल्यांकनको औचित्य,
विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु, कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :**

**बासलात**

| विवरण | प्रक्षेपित (रु.मा) | | |
|---|---|---|---|
| | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
| **शेयर पूँजी** | | | |
| शेयर पूँजी | ५५,५६,००,००० | ५५,५६,००,००० | ५५,५६,००,००० |
| शेयर प्रिमियम | | | |
| जगेडा कोष र संचित नाफा | ३,५३,७२,९१३ | ३,५३,९१,७६२ | ४,१८,५०,९६५ |
| **जम्मा शेयर पूँजी** | **५९,०९,७२,९१३** | **५९,०९,९१,७६२** | **५९,७४,५०,९६५** |
| लामो अवधिको कर्जा | - | - | - |
| **जम्मा** | **५९,०९,७२,९१३** | **५९,०९,९१,७६२** | **५९,७४,५०,९६५** |
| **सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | ५,९२,१४५ | ५,९२,१४५ | ५,९२,१४५ |
| ह्रास कट्टी | ३,२१,८७९ | ३,८३,२९२ | ४,३०,४२७ |
| **जम्मा स्थिर सम्पत्ति** | **२,७०,२६७** | **२,०८,८५४** | **१,६१,७१८** |
| **लागनी** | **५५,२२,९५,९२६** | **५४,५०,२६,६९९** | **५४,५०,२६,६९९** |
| **चालू सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | २,३१,७४,९६९ | ३,३५,३२,४३४ | ४,४५,१६,२५८ |
| अन्य चालु सम्पत्ति | २,८१,३३,६८५ | २,५६,७१,१३९ | २,३४,९७,८८० |
| **जम्मा चालु सम्पत्ति** | **६०,३८,७४,८४७** | **६०,४४,३९,१२६** | **६१,३२,०२,५५५** |
| **चालू दाईत्व** | | | |
| चालु दाईत्व तथा भुक्तानी दिनुपर्ने बीलहरु | ३,७२,५७४ | ४,७७,०८१ | ६,३४,५२२ |
| कर व्यवस्था | १,२५,२९,३६० | १,२९,७०,२८३ | १,५१,१७,०६८ |
| **जम्मा** | **१,२९,०१,९३४** | **१३४४७३६४** | **१,५७,५१,५९०** |
| **जम्मा चालु दाईत्व** | **६०,३८,७४,८४७** | **६०,४४,३९,१२६** | **६१,३२,०२,५५५** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित (रु.मा) | | |
|---|---|---|---|
| | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ |
| संचालन आम्दानी | ३,४२,३७,२७३ | ४,१२,०२,६७० | ४,९६,०३,२०४ |
| ब्याज आम्दानी | १,८२,००,००० | १,२६,००,००० | १,३०,५०,००० |
| **आम्दानी** | **५,२४,३७,२७३** | **५,३८,०२,६७०** | **६,२६,५३,२०४** |
| कर्मचारी खर्च | ७,१३,४५१ | ८,५६,१४१ | १०,२७,३७० |
| प्रशासकीय खर्च | १४,७५,८६१ | ९,४३,५२४ | १०,३७,८७७ |

| | | | |
|---|---|---|---|
| **संचालन मुनाफा** | **५,०२,४७,९६१** | **५,२०,०३,००४** | **६,०५,८७,९५८** |
| ब्याज खर्च | | | |
| **कर तथा ह्रास खर्च अघिको नाफा** | **५,०२,४७,९६१** | **५,२०,०३,००४** | **६,०५,८७,९५८** |
| ह्रास रकम | ८०,१३७ | ६१,४१३ | ४७,१३६ |
| उपदान व्यवस्था | ५०,३८३ | ६०,४५९ | ७२,५५१ |
| कर अघिको खूद नाफा | ५,०१,१७,४४१ | ५,१८,८१,१३२ | ६,०४,६८,२७१ |
| कर व्यवस्था | १,२५,२९,३६० | १,२९,७०,२८३ | १,५१,१७,०६८ |
| **कर पछिको खूद नाफा** | **३,७५,८८,०८१** | **३,८९,१०,८४९** | **४,५३,५१,२०३** |

**नगद प्रवाह विवरण**

| विवरण | प्रक्षेपित (रु.मा) | | |
|---|---|---|---|
| | **आ.व.२०७८/०७९** | **आ.व. २०७९/०८०** | **आ.व. २०८०/०८१** |
| **संचालन गतिविधिको नगद प्रवाह** | | | |
| **जोडने** | | | |
| कर पछिको खूद नाफा | ३,७५,८८,०८१ | ३,८९,१०,८४९ | ४,५२,५१,५०३ |
| ब्याज खर्च | | | |
| ह्रास कट्टी | ८०,१३७ | ६१,४१३ | ४७,१६३ |
| **कार्याशिल पुंजीको परिवर्तन अघिको संचालन नगद प्रवाह** | **३,७६,६८,२१८** | **३,८९,७२,२६२** | **४,५३,९८,३३९** |
| अल्पकालिन ऋण तथा अग्रिम भुक्तानीमा भएको वृद्धि/(कमी) | | | |
| चालू सम्पतिमा भएको वृद्धि/(कमी) | २७,८३,८७० | २४,६२,५४६ | २१,७३,२६० |
| चालू दायित्वमा भएको वृद्धि/(कमी) | ९८,०१,०६१ | ५,४५,४३० | २३,०४,२२६ |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **५,०२,५३,१४९** | **४,१९,८०,२३८** | **४,९८,७५,८२४** |
| | | | |
| **लगानी गतिधिबाट खूद नगद प्रवाह** | | | |
| स्थीर सम्पतिको खरिद | | - | - |
| स्थीर सम्पति बिक्रीबाट आम्दानी | - | - | - |
| लगानीमा बृद्धि | -१३,४९,३६,४०५ | ७२,६९,२२७ | - |
| **लगानी गतिधिबाट खूद नगद प्रवाह** | **-३,९३,८३,७४८** | **७२,६९,२२७** | **-** |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा कमि/बृद्धि | ५,५५,५९,९२० | - | - |
| ब्याज खर्च | - | - | - |
| लाभांश | -२,७७,८०,००० | -३,८८,९२,००० | -३,८८,९२,००० |
| **वित्तीय गतिविधिबाट खूद नगद प्रवाह** | **२,७७,७९,९२०** | **-३,८८,९२,०००** | **-३,८८,९२,०००** |
| **नगदमा भएको कूल वृद्धि/कमी** | **-५,६९,०३,३३६** | **१,०३,५७,४६५** | **१,०९,८३,८२४** |
| **सुरु बर्षमा नगद तथा बैक मौज्दात** | **८,००,७८,३०५** | **२,३१,७४,९६९** | **३,३५,३२,४३४** |
| **वर्षन्तमा नगद तथा बैक मौज्दात** | **२,३१,७४,९६९** | **३,३५,३२,४३४** | **४,४५,१६,२५८** |

**कम्पनीको वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरुः**

| विवरण | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
|---|---|---|---|
| कुल आयमा औषत बृद्धिदर (प्रतिशत) | २२३.६०% | २.६०% | १६.४५% |
| कुल खर्चमा औषत बृद्धिदर (प्रतिशत) | २२३.५३% | ०.२९% | १६.१८% |
| संचालन खर्च तथा कुल आम्दानी अनुपात | ४.१८% | ३.३४% | ३.३०% |
| खुद मुनाफामा औषत बृद्धिदर (प्रतिशत) | २२३.६२% | ३.५२% | १६.५५% |
| आयकर व्यवस्था (प्रतिशत) | २५.००% | २५.००% | २५.००% |

| | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (रु.) | ६.७७ | ७.०० | ८.१६ |
| Return on Equity (ROE) | ७.८७% | ८.३९% | ८.६३% |
| Return on Assets (ROA) | ७.८६% | ८.१३% | ९.३५% |

**आम्दानी तथा खर्चको प्रक्षेपणको आधारहरु देहाय बमोजिम रहेको छ।**

**१. आम्दानीः**

(क) होटल एलिस द वोंदर इन् लि.बाट आर्थिक वर्ष २०७८/०७९ मा १० प्रतिशत तथा २०७९/०८० र २०८०/०८१ मा १५ प्रतिशतका दरले लाभांश आम्दानी प्राप्त हुने अनुमान गरिएको छ।

(ख) केयर रेटिङ्ग (नेपाल) लि.बाट आर्थिक वर्ष २०७८/०७९ मा १० प्रतिशत तथा २०७९/०८० र २०८०/०८१ मा १५ प्रतिशतका दरले लाभांश आम्दानी प्राप्त हुने अनुमान गरिएको छ।

(ग) नेपाल इनफ्रास्ट्रक्चर बैंक लि.बाट कम्तीमा वाषिक ८ प्रतिशतका दरले लाभांश आम्दानी हुने अनुमान गरिएको छ।

(घ) बि.एफ.आइ.एन.बाट आर्थिक वर्ष २०७८/०७९ मा १० प्रतिशत तथा २०७९/०८० र २०८०/०८१ मा १५ प्रतिशतका दरले लाभांश आम्दानी प्राप्त हुने अनुमान गरिएको छ।

(ङ) Education, Hospitality, Healthcare, Startup Fund बाट १० प्रतिशतका दरले तथा Fixed Deposit मा १४ प्रतिशत लगानी गर्ने रणनीति रहेको।

**खर्च :**

(क) सबै वर्षहरुमा प्रशासन् खर्च तर्फ वार्षिक १० प्रतिशत बृद्धि हुने अनुमान गरिएको छ।

(ख) ह्रास खर्च, अम्दानीको कर आदी प्रचलित आयकर ऐन अनुसार गणना गरिने छ।

**ग.९.ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

क) संचालन अवधी तीन वर्ष व्यतीत् भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत् भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ निम्नानुसार छ।

| विवरण | वास्तविक | | | प्रक्षेपित (रु.मा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व.२०७५/०७६ | आ.व.२०७६/०७७ | आ.व. २०७७/०७८ | आ.व.२०७८/०७९ | आ.व .२०७९/०८० | आ.व.२०८०/०८१ |
| साधारण पुजी | ४५,००,००,००० | ४५,००,००,००० | ५०,००,४०,०८० | ५५,५६,००,००० | ५५,५६,००,००० | ५५,५६,००,००० |
| शेयर प्रिमियम | – | – | – | – | – | – |
| जगेडा कोष तथा संचित नाफा नोक्सान | २,७७,३८,७८६.३२ | १,३९,५०,१२६.२५ | २,५५,६४,८३१.८४ | ३,५३,७२,९१३ | ३,५३,९१,७६२ | ४,१८,५०,९६५ |
| **जम्मा** | **४७,७७,३८,७८६.३२** | **४६,३९,५०,१२६.२५** | **५२,५६,०४,९११.८४** | **५९,०९,७२,९१३** | **५९,०९,९१,७६२** | **५९,७४,५०,९६५** |
| अपलेखन गर्न बाँकी खर्च | – | – | – | – | – | – |
| **जम्मा नेटवर्थ** | **४७७,७३८,७८६.३२** | **४६३,९५०,१२६.२५** | ५२,५६,०४,९११.८४ | **५९,०९,७२,९१३** | **५९,०९,९१,७६२** | **५९,७४,५०,९६५** |
| शेयर संख्या (हजारमा) | ४,५०,००० | ४,५०,००० | ५,००,०४०.८० | ५,५५,६०० | ५,५५,६०० | ५,५५,६०० |
| **प्रति शेयर नेटवर्थ (रु.)** | १०६.१६ | १०३.१० | १०५.११ | १०६.३७ | १०६.३७ | १०७.५३ |
| प्रति शेयर आम्दानी (रु) | २.८१ | २.१७ | २.३२ | ६.७७ | ७.०० | ८.१६ |

ख) विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः

| विवरण | वास्तविक (आ.व.) | | | प्रक्षेपित (आ.व.) | | |
|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०६.१६ | १०३.१० | १०५.११ | १०६.३७ | १०६.३७ | १०७.५३ |
| **नेटवर्थमा औषत प्रतिफल** | २.६५% | २.10% | २.२१% | ६.३६% | ६.५८% | ७.५९% |
| **निष्काशन पूर्वको प्रतिशेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल रु.१,२९,०५,२२६.४७** | | | | | | |

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोवारको आधारमा निष्काशनकर्ता कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि CA Pradip Aryal (P. Aryal & Associates) ज्युले प्रमाणित गर्नु भएको छ।

## ग.१०. धितोपत्र निष्काशन सम्वन्धी विवरण :

### ग.१०.(क) धितोपत्र जारी गर्नुको उद्देश्य :

(अ) कम्पनीका प्रबन्ध-पत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार यस विवरणपत्र मार्फत जारी पूँजीको १० प्रतिशत अर्थात रु. ५,५५,६०,०००/- रकम बराबर प्रति शेयर मूल्य रु. १००/- अंकित दरका ५,५५,६०० कित्ता साधारण शेयर सर्वसाधारणहरुको निमित्त छुट्टाइएकोमा सर्वसाधारणको समेत सहभागिता गराई निजहरुलाई लगानीको अवसर दिनु मुख्य उद्देश्य रहेको छ ।

(आ) यस कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्ने ।

(इ) कम्पनीले हाल गरिरहेको कारोबारको क्षेत्र विस्तार गरी सर्वसाधारण जनताहरुलाई समेत यस कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि सर्वसाधारणहरुलाई सहभागी गराउन ।

### ग.१०.(ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(क) साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम यस कम्पनीले गर्न पाउने कार्यको अधिनमा रही कम्पनीको व्यवसाय बिस्तारमा प्रयोग गरिने छ जुन देहाय बमोजिम हुनेछ ।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | **आर्थिक पूर्वाधारको क्षेत्रमा** | २,००,००,०००.०० |
| २ | **उर्जा क्षेत्रमा** | ३,००,००,०००.०० |
| ३ | **कम्पनीको उद्देश्य अनुसारको विविध क्षेत्रमा** | ५५,६०,०००.०० |
| | **जम्मा** | ५,५५,६०,०००.०० |

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा शेयर निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्था :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको शतप्रतिशत प्रत्याभुति गराइएको हुनाले निष्काशित शेयर पूर्ण रुपमा विक्री नभएपनि प्रत्याभुतिकर्ता द्वारा सकारिने छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : सो नभएको ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्ने : सो नभएको ।

(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मुल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससंग सम्झौता भएको भए सो को मूख्य बुँदाहरु : सो नभएको ।

(च) कुनै पार्टीसंग प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृती, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगतका बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : सो नभएको ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : सो नभएको ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : सो नभएको ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

| | | |
|---|---|---|
| अ) निष्कासन तथा बिक्री प्रबन्धकलाई दिइने शुल्क | : | रु. ३,६०,०००/- |
| आ) ट्रष्टि (डिबेन्चर निष्काशनको हकमा) | : | निष्काशन गरिने डिबेन्चर नभई साधारण शेयर भएकोले ट्रष्टि राख्नु नपर्ने । |
| इ) प्रत्याभुतिकर्ता शुल्क | : | १,११,१२०/- |
| ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | : | छैन । |
| उ) लेखापरिक्षकको शुल्क | : | अनुमानित आर्थिक विवरण प्रमाणित गरे बापत शुल्क रु ५०,०००/- (कर बाहेक) |

ऊ) बाँडफाँडमा परेको शेयर सम्बन्धित शेयरधनीको हितग्राही खातामा राख्दा लाग्ने शुल्क : बाँडफाँडमा परेको शेयर सम्बन्धित शेयरधनीहरुको हितग्राही खातामा पठाउनको लागि प्रशोधन गर्दा लाग्ने शुल्क सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले तोके बमोजिम हुनेछ ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्वन्धी विवरण :** सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्नु पर्ने भएमा (कारण र औचित्य):** नभएको ।

**ग.१०.ङ धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लीग दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१ शेयर बाँडफाँड गर्दा सर्बप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।

२ बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुन: दश कित्ताको दरले बाँडफाँड गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

४. उपरोक्त अनुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।

५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्ट सम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारण लाई जानकारी गराइने छ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्वन्धी व्यवस्था:** शेयर बापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागी बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा प्रचलित नियम बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर** :

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

**(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**

निष्कासन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीहरुको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

**(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण :**

सो नभएको ।

**(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**

"धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** यस विवरण-पत्रद्वारा निष्काशन तथा बिक्री गरिने साधारण शेयरहरुको प्रत्याभूती (Underwriting) श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं मार्फत **५,५५,६००** कित्ता शेयरको प्रति शेयर रु. १००/- अंकित मूल्यमा रु. **५,५५,६०,०००/-** बराबरको प्रत्याभूति गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बुँदाहरु :**

(१) प्रत्याभूतिकर्ताको प्रत्याभूति गर्न सम्झौताद्वारा कबुल गरेको शेयर कित्तासम्मको मात्र दायित्व हुनेछ ।

(२) कूल प्रत्याभुति धितोपत्रहरुको लागि प्रत्याभूति शुल्क वापतको रकम रु.१,११,१२०/- मात्र हुनेछ ।

(३) निष्काशन अवधी भित्र सबै वा केहि शेयरहरु बिक्री नभएमा निष्काशन गरिने ५,५५,६०० कित्ता साधारण शेयरको १००% शेयर अर्थात ५,५५,६०० कित्ता शेयरको प्रति शेयर रु.१०० ( मा प्रत्याभूतिकर्ताले प्रत्याभूति गर्न मन्जुर गरिएको छ ।

(४) यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ताले प्रत्याभूति कित्ता शेयरहरुसम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।

(५) निष्काशित शेयर सर्वसाधारणमा बिक्री गर्दा सम्पूर्ण शेयर बिक्री भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः पूरा हुनेछ ।

(६) प्रत्याभूति सम्वन्धि अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,**

(अ) यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले मात्र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने सञ्चालकहरुको निर्वाचनमा भाग लिई मतदान गर्न पाउनेछन् ।

(आ) प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही यस वित्तीय संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभांश वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकृति लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

(इ) यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र बाँडफाँडमा परेको शेयर सम्बन्धीत शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गराई नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,**

(१) कम्पनीको प्रबन्धपत्र तथा नियमावली यस कम्पनीको कर्पोरेट कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. १०, कृष्ण टावर, दोस्रो तल्ला, नयाँ बानेश्वर-१०, काठमाण्डौं र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न वा हेर्न सकिनेछ ।

(२) आवेदकले आवेदनसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने रकम वा सो बराबरको रकम जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरि सम्बन्धित संकलन केन्द्रमा आवेदन दिनु पर्नेछ ।

(३) प्रत्येक आवेदकले कम्तीमा १० कित्ता तथा अधिकतम १,००० कित्तासम्म शेयर खरिद गर्नका लागी दरखास्त दिन सक्नेछन् । १० कित्ता भन्दा बढी शेयरका लागि दरखास्त दिँदा १० अंकले गुणाङ्क संख्यामा दिनुपर्नेछ ।

**(ग) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको नम्बर अनिवार्य रुपमा आवेदन फारममा उल्लेख गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु**

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. आवेदकले सि–आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनु पर्नेछ ।

३. आवेदकले आबेदन दिनु पूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४" को अनुसूची ४ बमोजिमको सि–आस्वा रजिष्ट्रेशन फारम भरी सि.आर.एन. नं. लिनु पर्नेछ ।

४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।

५. आवेदकले सि.आर.एन. नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनु पर्नेछ ।

६. आवेदकले आवेदनमा उल्लेख गरेको हितग्राही परिचय नं. र अन्य विवरण सि–आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसँग रुजु हुनु पर्नेछ । नभएको अवस्था आवेदन स्वत रद्ध हुनेछ ।

७. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछः

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दरस्तखत, सम्पर्क फोन नं., इमेल ।

ग. नावालक र विक्षिप्त ब्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।

घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।

ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।

च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम

छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८. आबेदकले आवेदन दिंदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।

१०. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाट गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आबेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४. शेयर बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर नीजहरुको हितग्राही खातामा जम्मा गर्ने ब्यबस्था मिलाईने छ ।

१५. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १,००० (एक हजार) कित्ता सम्मका लागि आवेदन दिन सकिनेछ ।

१६. आवेदकले स्वेच्छिक रुपमा प्यान (PAN) नम्बर दरखास्त फारममा खुलाउन सक्नेछन् ।

**ग.११. सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था संगको सम्बन्ध, कारोबारको प्रकृति र रकम : सो नभएको ।

क) संगठित संस्थाको कार्यकारी, अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति : नभएको ।

ख) आधारभूत शेयरधनी : नभएको

ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवार सदस्य : नभएको ।

घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।

ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।

च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसंग लिएको भए उक्त ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : कारोवार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सोको विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु :**

हाल कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या :**
निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएको ।

**ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कूल कारोबार भएको धितोपत्र संख्या :** निष्काशनकर्ता कम्पनी सूचीकृत संगठित संस्था नभएका ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडि धितोपत्र निष्कासन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण ।

- हाल सम्म कुनै सार्वजनिक निष्कासन नगरिएको ।

**ग.१५. परामर्शदाता/विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

**(अ) लेखापरीक्षक :** यस कम्पनीको आ.व. २०७६/७७ को लेखापरीक्षण कार्यका लागि एम जि एस एण्ड एशोसियट्सका लेखा परिक्षक चार्टर्ड एकाउन्टेन्ट श्री महेश कुमार गुरागाईज्यूले लेखापरीक्षणको कार्य गर्नुभएको छ ।

**(आ) प्रमुख बैंक :** यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

**(इ) निष्काशन बैंक** (Bankers to the Issue) :
"धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" पूर्ण रुपमा लागु भईसकेको सन्दर्भमा यो व्यबस्था लागु नहुने ।

**(ई) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** यस विवरण-पत्रमा उल्लेख गरिएको वित्तीय विवरण संस्था आफैले तयार गरेको हो ।

(उ) **वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठिक छ भनी प्रमाणित गर्ने ) विज्ञ :**

यस विवरण-पत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी सो आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विशेषज्ञ CA Santosh Prasad Poudel (SPPoudel & Associates) हुनुहुन्छ ।

**ग.१६. परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

सो नभएको ।

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा : हालसम्म कुनै प्रकारको विवाद, मुद्दा मामिला परेको छैन ।

ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :

- संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई मुद्दा विचाराधिन छैन ।

ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

- विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको छैन ।

घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :

- सो नभएको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रक्रिया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् ।

<u>गुनासो सुन्ने अधिकारीः</u>
नामः दामोदर रायमाझी
पदः प्रमुख मर्चेण्ट बैंकिङ्ग
फोन नं. ०१-५७०५९९४/५७०५६६४
E-mail : info@nicasiacapital.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :**

- सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :**

- हालसम्म ऋणपत्र जारी गरी कर्जा लिएको छैन । आवश्यकता अनुसार ऋणपत्र जारी गर्न सकिनेछ ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी व्यवस्था :**

- हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण** : प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञको राय संलग्न गरिएको ।
**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :–**

१. **सञ्चालकमा भएको परिवर्तन :**

| **वर्ष ०७२ /७३ मा संचालकहरु** | **वर्ष ०७३/७४ मा संचालकहरु** | **वर्ष ०७४ /०७५ मा संचालकहरु** | **वर्ष ०७५ /०७६ मा संचालकहरु** | **वर्ष ०७६/ ०७७ मा संचालकहरु** | **वर्ष ०७७/०७८ मा संचालकहरु** | **परिवर्तन हुनुको कारणहरु** |
|---|---|---|---|---|---|---|
| सुर्य प्रसाद आचार्य ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | गणेश प्रसाद पाण्डेय/लक्ष्मण अर्याल ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | रामशरण पुडासैनी / शोभाकान्त पौडेल ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | चन्द्रकला पौडेल/ तोयम राया ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | बिनोद बहादुर कुँवर ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) | शोभाकान्त पौडेल ( प्रतिनिधि नेपाल सरकार, अर्थ मन्त्रालय) चन्द्र प्रसाद ढकाल | उपरोक्त संचालकहरु नेपाल सरकार, अर्थ मन्त्रालयबाट यस कम्पनीको संचालक समितिमा प्रतिनिधित्व गर्दै आउनु भएकोमा अर्थ मन्त्रालयबाट अन्यत्र सरुवा हुनुभएको हुदाँ । चन्द्र प्रसाद ढकालको हकमा सथौ समय व्यस्तताको कारण । |

२. **लेखापरीक्षकमा भएको परिवर्तनः-**

| **वर्ष २०७२/०७३, २०७३/०७४ र २०७४/०७५ का लेखापरीक्षकहरु** | **परिवर्तका कारणहरु** |
|---|---|
| K.J. & Associates | ३ बर्सको अबधि समाप्त भएर |

| वर्ष २०७५/०७६, २०७६/०७७ लेखापरीक्षकहरु | परिवर्तका कारणहरु |
|---|---|
| MGS & Associates | उल्लेखित तीन आर्थिक बर्षहरुमा लेखापरिक्षक परिवर्तन भएको छैन । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम : प्रेम प्रसाद अर्याल
ठेगाना : स्याङ्जा, भिरकोट नगरपालिका -
योग्यता : MBS (Master in Business Study)

**(घ) सार्वजनिक निष्कासन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णयसम्बन्धी विवरण :**

कम्पनीको मिति २०७७/०८/२३ गते सम्पन्न सञ्चालक समितिको बैठकले कम्पनीको प्रबन्धपत्रमा व्यवस्था भए अनुरुप जारी पूँजी मध्ये १०% अर्थात ५,५५,६०० कित्ता साधारण शेयर शेयर निष्काशनको लागि अन्य कुनै पनि नियामक निकायसंग पत्राचार गर्न, सम्झौता गर्न तथा सो सम्बन्धी संस्थाको तर्फबाट अन्य सम्पूर्ण कागजातहरुमा हस्ताक्षर गर्न यस कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण :**

सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफानोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१ कम्पनीको कर्पोरेट कार्यालय का.म.न.पा., वडा नं. १०, कृष्ण टावर, नयाँ बानेश्वर, काठमाडौं ।

२ धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक- एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाडौं, नेपाल स्थित कार्यालय ।

**(छ) बोनस शेयरसम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्कासन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरू कसैका लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

(१) यस विवरणपत्र अनुसार निष्कासन गरिने ५,५५,६०० थान शेयर सर्वसाधारणमा (कर्मचारीहरु तथा ५ प्रतिशत म्युच्युअल फण्डलाई समेत) लगानीकर्ताको लागी निष्कासन गरिएको छ ।

(२) यस विवरणपत्र बमोजिम निष्कासन गरिने शेयरहरु यस विवरणपत्रमा तोकिएको समूहलाई पूरा बिक्री हुन नसकेमा मात्र बाँकी रहेका शेयरहरू प्रचलित कानून बमोजिम बिक्री गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरू, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसंग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

यस विवरणपत्र मार्फत् निष्काशित साधारण शेयर बिक्री वितरणका लागि यसै विवरणपत्र अनुसार आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

**(ट) विवरण-पत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरण–पत्र तयार पार्ने व्यावसायिक संस्थामा निष्कासन तथा बिक्री प्रबन्धक- एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल काठमाण्डौं रहेको छ ।

**(ठ) सकारात्मक पक्षहरू :**

- लामो समय देखि विभिन्न बैंक तथा वित्तीय संस्था, बीमा व्यवसाय, ट्रेडिङ्ग लगायका व्यवसायहरुमा आवद्ध रहेका व्यक्ति तथा संस्थाहरु आवद्ध रहनुभएको ।
- जोखिम लेखाजोखा पश्चात कम्पनीले निर्माण गर्ने आयोजना सुरु गरिने ।
- व्यवस्थापन पक्ष बलियो रहेको ।
- स्थापनाकालदेखि नै पूर्ण कम्प्युटरीकृत प्रविधिबाट कारोवारको विवरण रखिएको ।
- कम्पनीले आफ्नो व्यवसाय विस्तार गर्न सफल भएको ।
- कम्पनीले आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्नको लागि आयोजना/परियोजनको कुनै कमि नरहेको ।

**(ड) धितोपत्र सिडिएसमा दर्ता गर्ने सम्बन्धमा :**

नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सर्वसाधारणमा निष्काशन भई बाँडफाँट भए पश्चात सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई बाँडफाँटमा परेको शेयर अभौतिक रुपमा सम्बन्धित शेयरधनीको हितग्राही खातामा उपलब्ध गराई धितोपत्रको कारोवार तथा राफसाफको कारवाही अगाडि बढाउने कार्य गर्ने व्यवस्था मिलाईने छ ।

**(ढ)** धितोपत्र निष्काशनको क्रममा बोर्डबाट स्वीकृत भएको विवरणपत्र लगानीकर्ताहरुले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय (informed decision) मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु निष्काशन तथा बिक्री प्रबन्धकको website: www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको website: www.emergingnep.com तथा नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np मा समेत राख्ने व्यवस्था मिलाइने छ ।

**(ण)** धितोपत्र बोर्डबाट स्वीकृत भएको विवरणपत्र सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सोको एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराउने छ ।

**(त) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी लगायत सो सँग सम्बन्धित सम्पूर्ण कार्य गर्नका लागि कम्पनीको आफ्नै कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम नेपाल धितोपत्र बोर्डबाट सो कार्य गर्न स्वीकृति प्राप्त संस्थालाई शेयर रजिष्ट्रार तोक्न सकिने छ ।

**(थ) धितोपत्र बिक्री खुल्ला अवधि :**

शेयरको लागि आवेदन लिने कार्य कम्तीमा चार (४) कार्य दिनको लागि खुल्ला गरिने छ । उक्त अवधिमा यस विवरण-पत्रद्वारा निष्काशन गरिएको साधारण शेयरको लागि आवेदन नपरेमा धितोपत्र बिक्री खुल्ला अवधि बोर्डलाई जानकारी गराई निष्काशन खुल्ला भएको मितिबाट अधिकतम १५ दिनसम्म गरिनेछ ।

**(द) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :**

विरणपत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको व्यबस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई मिति २०७८/०२/१० गते [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating Double B Plus) प्रमाणपत्र प्राप्त गरेको छ । सो ग्रेडिङ्ग को बैद्यता अवधि एक बर्ष रहने छ । [ICRANP-IR] BB+ ले "Moderate risk of default with regard to the timely servicing of financial obligations” जनाउँदछ । ईक्रा नेपाल लिमिटेडले [ICRANP -IR]AAA देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड [ICRANP -IR]AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR]D ले कमजोर आधार जनाउँदछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

**(ध) धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु :**

- आफ्नो उद्देश्य अनुसार कारोबार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाइ एक बर्ष को अवधि पुरा गरेको ।
- प्रचलित कानुन बमोजिम लेखा परिक्षण तथा साधारण सभा संम्पन्न गरेको ।
- आफ्नो उद्देश्य अनुसार कारोबार संञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको ।
- संगठित संस्थाका लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरि कार्यलय भवन, गोदाम घर तथा अन्य आवश्यक सुबिधा दिनको लागि आवश्यक जग्गा तथा भवन वाहालमा लिइएको ।
- उत्पादनको प्रविधि छनोट गरि उद्योगका लागि आवश्यक पर्ने यन्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गनुपर्ने भएमा टेन्डर आदि गरि खरिद प्रकृया गरिरहेको ।
- कम्पनीको कारोवारको अवधिभर कम्पनीको ऋण र पूजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको ।
- संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम शत प्रतिशत चुक्ता भइसकेको ।
- कम्पनीले आफ्नो उद्देश्य अनुसारको कार्य गर्न सम्बन्धित निकायबाट ईजाजत, अनुमति तथा स्वीकृति लिइसकेको छ ।
- यस कम्पनीले निष्काशन गर्न लागेका धितोपत्रको निष्काशन सम्बन्धी कार्य गर्नेको लागि श्री एन आई सी एशिया क्यापिटल लि. सँग सम्झौता भैसकेको छ ।
- सर्बसाधारणका लागि निष्काशन गर्न लागेको कुल साधारण शेयरहरुको १०० प्रतिशत शेयरको प्रत्याभुति गराएको छ ।

ग.२३.    संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालमणी जोशी | अध्यक्ष | |
| २ | श्री शोभाकान्त पौडेल | संचालक | |
| ३ | श्री चन्द्र टण्डन | संचालक | |
| ४ | श्री अशोक कुमार अग्रवाल | संचालक | |
| ५ | श्री डा. बिनोद आत्रेय | संचालक | |
| ६ | श्रीमती लिमा आचार्य (अधिकारी) | स्वतन्त्र संचालक | |

ग.२४. **निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

**NIC ASIA CAPITAL**

*Your Friend For Prosperity*

१ नेपाली एक DEMAT

**निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट)**

मिति : २०७८/०३/१५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

काठमाण्डौ जिल्ला, काठमाण्डौ मा.न.पा. पाँचौ तल्ला, ट्रेड टावर, थापाथली, काठमाण्डौमा रजिष्टर्ड कार्यालय रहेको इमर्जिङ्ग नेपाल लिमिटेडले सार्वजनिक निष्काशन गर्न लागेको रु.१००/- अङ्कित दरका ५,५५,६०० थान साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रूपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउँदछौं ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरूलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको बिश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरू प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो बिचारमा कम्पनीद्वारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको देखिन्छ ।
४. कम्पनीले निष्काशन गर्न लागेको साधारण शेयरका लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फारम सरल तरिकाबाट बितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।
५. हामीले बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा उल्लेख गरिएका सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसँग अनुरूप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**

एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट

नाम : रमेन्द्र रायमाझी

पद: प्रमुख कार्यकारी अधिकृत

सही : Ramendra

कार्यालयको छाप :

NIC ASIA CAPITAL

धितोपत्र बोर्ड २०५० ललितपुर

16-03-2078

5631

**NIC ASIA Capital Limited**
3rd Floor, Siddhartha Insurance Complex, Babarmahal, Kathmandu
Tel: 977-1-4221994, 4240664 Fax: 977-1-4222458 PO Box: 19001
**Email:** info@nicasiacapital.com **Website:** www.nicasiacapital.com

नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति ...

२५. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

**P.Aryal & Associates**
**CHARTERED ACCOUNTANTS**

Regd. No. 992 Pan: 106781311
8th Floor, Trade Tower, Thapathali-11
Kathmandu, Nepal
01-5111165
9851202060
pradiparyal58@gmail.com
paryal.associates@gmail.com

To,
Board of Directors,
Emerging Nepal Limited
Thapathali, Kathmandu

We have examined the projected financial statements of Emerging Nepal Limited (the Company) for the period from Shrawan 2078 to Ashadh 2081 in accordance with Nepal Standard on Assurance Engagement 3400."The Examination of Prospective Financial Information", issued by the Institute of Chartered Accountants of Nepal. The preparation and presentation of the projection including the underlying assumption to the prospective financial information, is the responsibility of the Management and has been approved by the Board of Directors, of the company. Our responsibility is to examine the evidence supporting the assumption (excluding the hypothetical assumption) and other information in the prospective financial information. Our responsibility does not include verification of projection. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Securities Board of Nepal (SEBON) for approval to issue initial public offering (IPO) of shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are necessarily expected to occur. Consequently, users are cautioned that this prospectus may not be appropriate for purpose other than that described above.

We have carried out our examination of the prospective financial information on a best basis. Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attentions which cause us to believe that these assumptions do not provide a reasonable basis for the projection.

Further, in our opinion the projection is properly prepared on the basis of the assumptions to the Prospective Financial Information and on a consistent basis with the historical financial statements, using appropriate accounting principles. Even if the events anticipated under the hypothetical assumptions described above occur, actual results are still likely to be different from the projection since other anticipated events frequently do not occur as expected and the variation may be material.

Date: 16 Kartik 2078
Place: Kathmandu
UDIN: 211102CA01671jtmvQ

**For P. Aryal & Associates**
*Chartered Accountants*

CA Pradip Aryal

ICRA NEPAL

# Emerging Nepal Limited: [ICRANP-IR] BB+ assigned

May 24, 2021

| Facility | Rated Amount (NPR Million) | Rating Action |
|---|---|---|
| Issuer Rating | NA | [ICRANP-IR] BB+; assigned |

## Rating action

ICRA Nepal has assigned an issuer rating of [ICRANP-IR] BB+ (pronounced ICRA NP Issuer Rating Double B Plus) to Emerging Nepal Limited (ENL). The rating is considered to have the moderate risk of default with regard to the timely servicing of financial obligations. The issuer rating is only an opinion on the general creditworthiness of the rated entity and not specific to a particular debt instrument.

## Rationale

The assigned rating mainly factors in the company's strong promoter and board profile, being promoted by individuals from established business groups of Nepal (prominent being Vishal Group and IME Group with combined holding of ~54%), along with experienced bankers, bureaucrats, professionals, and high net worth individuals. Apart from this, ENL also has the Government of Nepal stake (albeit nominal at 0.5%), with compulsory representation on the board, which provides comfort in terms of the corporate governance perspective. The experience and linkages of promoters and directors are likely to drive the future business performance of ENL, which has been following the modality of investing mainly in the promoters' ventures. ENL's association with the promoters has also assured it of stake in some of their major ventures, which remains a major rating positive. The rating further draws comfort from the adequate value generated by the company for its shareholders, after the recent listing of its largest investment in the secondary market and considering the performance of its other investees (albeit unlisted). The rating also considers the financial flexibility available with the company in the form of surplus cash balances, along with debt-free balance sheet so far and similar plans going forward.

Nonetheless, the rating remains constrained by the company's limited track record of operations (since August 2015) along with the lack of sector-specific regulators. Further, policies regarding return targets and exit strategies remain to be defined while ENL's organisation structure also has significant gaps to be fulfilled. Hence, the expertise within the company may result in constrained project appraisal capabilities, given its proposed investment across multiple sectors. Further, the company's portfolio remains concentrated with the topmost investment accounting for ~70% of the total investments as of mid-April 2021. Moreover, the company's ability to generate requisite liquidity could remain a challenge in the absence of stated policies/strategies to maintain certain share of investments in the listed companies on a sustained basis. However, these concerns are somewhat mitigated by the presence of financially resourceful promoters, who can both provide funding support or possible exit options, if required. Going forward, ENL's ability to select good projects with high return potential across diverse sectors and exiting them profitably over a period would remain a major rating sensitivity. Further, the company's ability to timely manage sources for further investments (given investment also proposed across large infra projects), while increasing the share of liquid investments, will also be a positive factor.

## Key rating drivers

### Rating strengths

**Strong promoter profile** – ENL is promoted by representatives from renowned and reputed business groups of Nepal, bankers, bureaucrats, professionals, and high net worth individuals with nominal stake of the Government as well (0.5%). Individuals and entities associated with the Vishal Group and the IME Group are the major promoter group having combined holding of ~54% as of mid-April 2021. The resultant pooling of experienced and highly networked individuals has ensured the stake for ENL in their major ventures and hence could support the company's future performance as well.

**Adequate value generation for shareholders** – The company's largest investment is in Nepal Infrastructure Bank (NIFRA, at ~70% of the current investment book) which has been recently listed in the secondary market. This has aided in the

sharp growth in value generated by ENL for its shareholders. Further, most of the other unlisted investments (apart from a new hotel project) have been performing well, which augurs well for value appreciation prospects. However, the company currently lacks policies defining exit timelines/return targets, especially for non-strategic investments wherein ENL has a minority stake. ENL's ability to timely develop and implement such policies would remain crucial to monetise these gains and raise resources for future investments.

**Comfortable financial flexibility** – ENL has adopted the strategy of debt-free balance sheet, with similar plans over the medium term. While ~70% of its net worth base has been exhausted so far, the company still has surplus cash/bank balances of ~NPR 165 million as of mid-April 2021. This can be utilised for further small-scale investments while additional funds would have to be raised, if some of its large investment proposals are materialised. However, the debt-free status and adequate fund balance as of now, along with its resourceful promoters, augurs well for its financial flexibility.

## Rating challenges

**Limited track record with evolving system and procedures** – The company has been operating since August 2015 and given the limited track record of operations, the system and procedures are yet to be developed adequately. As the investments are proposed across multiple sectors, lack of sector-specific experts within the company may result in limited project-appraisal capabilities. Moreover, ENL's organisational structure has significant gaps which needs to be filled. Further, the company does not have specific policies defining the return targets and exit option from profitable investments. With low dividend inflows from investee companies, which is typical to the investment in the initial years, return indicators are likely to remain subdued over the medium term.

**Lack of clarity regarding sources of raising further funds for investment** – ENL's investment book was ~NPR 350 million as of mid-April 2021, which was entirely funded from the promoters' equity of ~NPR 500 million as on the same date. As of now, there is limited clarity regarding the means to raise further investable funds after exhausting the promoter's equity and the proposed IPO proceeds. With zero leverage plans and lack of timely exits from profitable investments, equity-dominated operations are likely to constrain the immediate return prospects to investors. Further, there is no specified regulator for the investment company of this kind, which also remains a concern.

**Ability to maintain liquid investment portfolio on sustained basis** – The company's current investment portfolio remains concentrated with the top-most investment accounting for ~70% of its total investment. The listing of this investment has created liquidity as well as value identification possibilities for the sizeable chunk of the investment book. However, the ability to maintain a liquid investment book on a sustained basis and the lack of clarity in the absence of any stated policy of maintaining certain shares of the overall investments in liquid securities are worrisome. Further, the second largest investment is in a hotel project, which is in a gestation phase while all other investments are unlisted so far. Hence, the liquidity of investments on sustained basis remains unclear and the company's ability to increase its share of liquid investment portfolio would remain crucial for its financial flexibility. However, exit by transfer of stake to other promotors of investee companies remains a possibility, which provides comfort.

**Analytical approach:** For arriving at the ratings, ICRA Nepal has applied its rating methodologies as indicated below.

**Links to applicable criteria:**
Issuer Rating Methodology

## About the company

Emerging Nepal Limited (ENL) was established on August 2015 as a public private partnership (PPP) investment company with the motive to invest in projects from diverse sectors. ENL is promoted by the renowned business groups of Nepal, with the major holding by the Vishal Group and IME Group affiliated entities and individuals (joint stake of more than 50%). Other promoters include industrialists, bankers, and professionals from diverse backgrounds. The Government of Nepal, represented by the Ministry of Finance, also currently holds a nominal stake at 0.5%. As of mid-April 2021, the company had a capital of NPR 500 million, representing 90% of the capital post proposed IPO, assuming full subscription. ENL reported a profit after tax (PAT) of ~NPR 10 million for FY2020 (NPR 13 million for FY2019) over an asset base of NPR 467 million as of mid-July 2020. For 9M FY2021, the company has reported a PAT of ~NPR 9 million over an asset base of NPR 526 million.

## Key financial indicators

| Figures in NPR Million | FY2018 (Audited) | FY2019 (Audited) | FY2020 (Audited) | 9MFY2021 (Provisional) |
|---|---|---|---|---|
| Operating income | 28 | 20 | 15 | 13 |
| Total expenses | 13 | 7 | 5 | 4 |
| PAT | 15 | 13 | 10 | 9 |
| Share Capital | 450 | 450 | 450 | 500 |
| Net Worth | 465 | 478 | 464 | 526 |
| Investments (excluding FDs) at Book Value | 224 | 362 | 370 | 358 |
| Cash and Bank Balances (including FDs) | 237 | 116 | 93 | 165 |
| Gearing | 0.0% | 0.0% | 0.0% | 0.0% |
| Return on Average Assets | 4.51% | 2.66% | 2.06% | 2.33% |
| Return on Average Net Worth | 4.68% | 2.69% | 2.07% | 2.34% |

*Source: Company data*

### Analyst Contacts

**Mr. Rajib Maharjan** (Tel No. +977-1-4419910/20)
rajib@icranepal.com

**Mr. Pranil Dahal** (Tel No. +977-1-4419910/20)
pranil@icranepal.com

### Relationship Contacts

**Ms. Barsha Shrestha** (Tel No. +977-1-4419910/20)
barsha@icranepal.com

### About ICRA Nepal Limited

ICRA Nepal Limited, the first Credit Rating Agency of Nepal, is a subsidiary of ICRA Limited (ICRA) of India. It was licensed by the Securities Board of Nepal (SEBON) on October 3, 2012. ICRA Nepal is supported by ICRA Limited through a technical support services agreement, which envisages ICRA helping ICRA Nepal in areas such as rating process and methodologies, analytical software, research, training, technical and analytical skill augmentation.

Our parent company, ICRA Limited, was set up in 1991 by leading financial/investment institutions, commercial banks and financial services companies as an independent and professional investment Information and Credit Rating Agency. Today, ICRA and its subsidiaries together form the ICRA Group of Companies.

For more information, visit www.icranepal.com

**ICRA Nepal Limited,**
Sunrise Bizz Park, 6th Floor, Dillibazar, Kathmandu, Nepal.
**Phone:** +977 1 4419910/20
**Email:** info@icranepal.com
**Web:** www.icranepal.com

All Rights Reserved.
Contents may be used freely with due acknowledgement to ICRA Nepal.

ICRA Nepal ratings should not be treated as recommendation to buy, sell or hold the rated debt instruments. The ICRA Nepal ratings are subject to a process of surveillance which may lead to a revision in ratings. Please visit our website (www.icranepal.com) or contact ICRA Nepal office for the latest information on ICRA Nepal ratings outstanding. All information contained herein has been obtained by ICRA Nepal from sources believed by it to be accurate and reliable. Although reasonable care has been taken to ensure that the information herein is true, such information is provided 'as is' without any warranty of any kind, and ICRA Nepal in particular, makes no representation or warranty, express or implied, as to the accuracy, timeliness or completeness of any such information. All information contained herein must be construed solely as statements of opinion and ICRA Nepal shall not be liable for any losses incurred by users from any use of this publication or its contents.